

।। अथ ।।

महाकाल शनिमृत्युञ्जय स्तोत्रम्

नेपाली भाषा-टीका, पूजा-विधि सहितम्

प्रकाशक :

श्री दुर्गा साहित्य भण्डार

पो० बा० नं० १०९६, नेपाली खपड़ा, वाराणसी-१

माधवप्रसाद

[redacted] लामिछाने ०७३।०१।११

पुस्तकमिदं मया क्रीतम् २०७३।०१।११ इति दिनाङ्के।

।। मार्तण्ड भैरवतन्त्रोक्तम् ।।

अथ

महाकालशनिमृत्युञ्जय स्तोत्रम्

भा.टी.

प्रकाशक :

श्री दुर्गा साहित्य भण्डार

पो०बा०नं० १०९६

नेपालीखपड़ा, वाराणसी—२२१००१

प्रकाशक : श्री दुर्गा साहित्य भण्डार
पो०बा०नं० १०९६
नेपालीखपड़ा, वाराणसी—१

संस्करण : २०६५
मूल्य भा० रु० : ३५/-

मृत्युञ्जयस्तोत्रम्

।। श्रीगणेशाय नमः।। ॐ नमो मृत्युञ्जयाय ।।

श्रीनन्दिकेश्वर उवाच

कैलाशस्योत्तरे शृङ्गे शुद्धस्फटिकसन्निभे।
तमोगुणविहीने तु जरामृत्युविवर्जिते।।१।।
सर्वार्थे सम्पदाधारे सर्वज्ञान-कृतालये।
कृताञ्जलिपुटो ब्रह्मा ध्यानासीनं सदाशिवम्।।२।।

श्री नन्दिकेश्वरले भन्नुहुन्छ–सम्पूर्ण सम्पत्तिको आधार समस्त ज्ञान हरूको खानी तथा सत्वरजतमो गुण हरूले रहित भएको शुद्धस्फटिक समान श्वेतकान्तिलेउज्वल श्रीमान् कैलाश पर्वतको उत्तर उत्तुङ्ग शिखरमा ध्यानमग्न भगवान् सदाशिव भोलेबाबालाई विनम्रतापूर्वक साष्टाङ्गदण्डवत प्रणामगरी दुवै घुँडा टेकेर हात जोडी लोक स्रष्टा र सम्पूर्ण अर्थहरूका आधार लोकपितामह ब्रह्माजी ले भन्नुभयो—

पप्रच्छ प्रणतो भूत्वा जानुभ्यामवनिर्गतः।
सर्वार्थसम्पदाधार ब्रह्मा लोकपितामहः।।३।।

ब्रह्मोवाच

केनोपायेन देवेश चिरायुर्लोमशोऽभवेत्।
तन्मे ब्रूहि महेशान लोकानां हितकाम्यया।।४।।

श्री सदाशिव उवाच

शृणु ब्रह्मन् प्रवक्ष्यामि चिरायुर्मुनिसत्तम।
सञ्जातः कर्मणा येन व्याधिमृत्युर्विवर्जितः।।५।।

हे महेशान्! हे देवेश! कुन उपाय (साधना) द्वारा महर्षि लोमशजी चिरायु हुनुभयो त्यो साधन संसारका प्राणिहरूको लागि बताउने कृपागर्नु होस्।।१-४।।

सदाशिवजीले भन्नुभयो–हे ब्रह्माजी जुन कर्मले मुनिश्रेष्ठ लोमशजी रोग र मृत्युले रहित चिरायु हुनुभयो त्योसाधन म भन्दछुसुन।।५।।

तस्मिन्नेकार्णवे घोरे सलिलौघपरिप्लुते।
कृतान्तभयनाशाय स्तुतो मृत्युञ्जयः शिवः।।६।।
तस्य सङ्कीर्त्तनान्नित्यं मुनिर्मृत्युविवर्जितः।
तमेव कीर्तयन् ब्रह्मन् मृत्युं जेतुं न संशयः।।७।।

लोमश उवाच

देवाधिदेव देवेश सर्वप्राण भृतांवर।
प्राणीनामपि नाथस्त्वं मृत्युञ्जय! नमोऽस्तु ते।।८।।

प्रलय कालीन जलको वेगले व्याप्त भएको घनघोर एकार्णवमा मुनि लोमशजीले मृत्यु, भयको नाशको लागि सदाशिव मृत्युञ्जयको स्तुति गरे।।६।।

त्यसै मृत्युञ्जयको संकिर्तनलेनै मुनि मृत्युरहित हुनुभयो। अतः भगवान् मृत्युञ्जयको कीर्तनले नै मृत्युलाई जित्न सकिन्छ त्यसमा कुनै संदेह छैन।।७।।

लोमशजी ले भन्नुभयो हे देवाधिदेव! समस्त जगतका प्राण! जगदाधार देवेश! हे मृत्युञ्जय! समस्त प्राणिहरूका नाथ हजुरलाई नमस्कार छ।।८।।

श. मृ. स्तो.

देहिनां जीवभूतोऽसि जीवो जीवस्य कारणम्।
जगतां रक्षकस्त्वं वै मृत्युञ्जय! नमोऽस्तु ते।।९।।
हेमाद्रिशिखराकार सुधावीचिमनोहर।
पुण्डरीकपरं ज्योतिर्मृत्युञ्जय! नमोऽस्तु ते।।१०।।
ध्यानाधार महाज्ञान सर्वज्ञानैककारण।
परित्रातोसि लोकानां मृत्युञ्जय! नमोऽस्तु ते।।११।।

समस्त जीवका जीवभूत र जीवनका कारणरूप जगद्रक्षक हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।९।।

हिम शिखरको समान विशाल समुद्रको तरङ्गका समान सुन्दर र पुण्डरीकको समान ज्योतिर्मय हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।१०।।

सम्पूर्ण ध्यानका आधार, ज्ञानस्वरुप, र समस्त ज्ञानका कारण हजुर संपूर्ण लोकका रक्षक हुनुहुन्छ हजुरलाई नमस्कार छ।।११।।

निहता येन कालेन सदेवासुरमानुषाः।
गन्धर्वाप्सरसश्चैव सिद्धविद्याधरास्तथा।।१२।।
साध्याश्च वसवो रुद्रास्तथाऽश्विनिसुतावुभौ।
मरुतश्च दिशो नागाः स्थावरा जङ्गमास्तथा।।१३।।
जितः सोऽपि त्वया ध्यायन् मृत्युञ्जय! नमोऽस्तु ते।।१४।।
ये ध्यायन्ति परां मूर्तिं पूजयन्त्यमरादयः।
न ते मृत्युवशं यान्ति मृत्युञ्जय! नमोऽस्तु ते।।१५।।

जुन कालले देव, असुर, मानव, गन्धर्व, अप्सरा, सिद्ध, विद्याधर, साध्य, वसु, रुद्र, अश्विनि कुमार, मरुत, दिशा, पर्वत आदि समस्त स्थावर र जंगम लाई, आफ्नो अधीन बनाउँछन् ति काललाई पनि हजुरको ध्यान गर्नालेजित्न सकिन्छ। अतः हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।१२-१४।।

जुन देवआदिले हजुरको परामूर्तिको ध्यान गर्दछन् ति ध्याताहरु कहिल्यै पनि मृत्युको वशमा हुँदैनन् हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।१५।।

त्वमोङ्कारोऽस्मि वेदानां देवानां च सदाशिवः।
आधारशक्तिः शक्तीनां मृत्युञ्जय! नमोऽस्तु ते।।१६।।
स्थावरे जङ्गमे वापि यावत्तिष्ठति देहगः।
जीवत्यपत्यलोकोऽयं मृत्युञ्जय! नमोऽस्तु ते।।१७।।
सोमसूर्याग्निमध्यस्थव्योमव्यापिन् सदाशिव।
कालत्रयमहाकाल मृत्युञ्जय! नमोऽस्तु ते।।१८।।

हे मृत्युञ्जय! हजुर वेदमा ओंकार स्वरूप, देवताहरुमा सदाशिव स्वरूप र समस्त शक्तिहरुमा आधार शक्तिस्वरूप हुनुहुन्छ। यस्ता हजुरलाई नमस्कार छ।।१६।।

स्थावर जंगम समस्त संसारमा प्राणिमात्रको वास हजुरकै शक्तिले स्थित हुन्छ। हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।१७।।

सोम, सूर्य, र अग्नि स्वरुप आकाश व्यापि हे सदाशिव! हे कालत्रय! हेमहाकाल! हे मृत्युञ्जय हजुरलाई नमस्कार छ।।१८।।

प्रबुद्धेचाप्रबुद्धे च त्वमेव सृजते जगत्।
सृष्टिरूपेण देवेश मृत्युञ्जय! नमोऽस्तु ते।।१९।।
व्योम्नि त्वं व्योमरूपोऽसि तेजः सर्वत्र तेजसि।
ज्ञानिनां ज्ञानरूपोऽसि मृत्युञ्जय! नमोऽस्तु ते।।२०।।
जगज्जीवो जगत्प्राणः स्त्रष्टा त्वं जगतः प्रभुः।
कारणं सर्वतीर्थानां मृत्युञ्जय! नमोऽस्तु ते।।२१।।

हे देवेश! प्रबुद्ध र अप्रबुद्ध सम्पूर्ण अवस्थामा सृष्टि रुपले यस जगतको सृष्टि हजुरले नै गर्नुहुन्छ। सृष्टिरूप हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।१९।।

आकशमा आकाशस्वरूप तेजमा तेजस्वरूप र ज्ञानी हरुमा ज्ञानस्वरूप हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।२०।।

हजुरनै जगतका जीव जगतप्राण जगत स्त्रष्टा र सम्पूर्ण तीर्थका कारण रुप हुनुहुन्छ। हे मृत्युञ्जय हजुरलाई नमस्कार छ।।२१।।

नेता त्वमिन्द्रियाणां च सर्वज्ञानप्रबोधकः।
सांख्ययोगश्च हंसाश्च मृत्युञ्जय! नमोऽस्तु ते।।२२।।
रूपातीतः सरूपश्च पिण्डस्थपदमेव च।
चतुर्युगकलाधार मृज्युञ्जय! नमोऽस्तु ते।।२३।।
रेचके वह्निरूपोऽसि सोमरूपोऽसि पूरके।
कुम्भके शिवरूपोऽसि मृज्युञ्जय! नमोऽस्तु ते।।२४।।

समस्त इन्द्रियहरुका नायक र सम्पूर्ण ज्ञानका प्रवर्तक तथा सांख्य योग एवं हंस स्वरूप हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।२२।।

रुपरहीत र समस्त रूप स्वरूप र पिण्डस्थ चतुर्युग कलाका धार हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।२३।।

रचकमा अग्निरुप, पूरकमा सोमरुप र कुम्भकमा शिवरुप हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।२४।।

क्षयङ्करोऽसि पापानां पुण्यानामपि वर्द्धनम्।
हेतुस्त्वं श्रेयसां नित्यं मृज्युञ्जय! नमोऽस्तु ते।।२५।।
सर्वमायाकलातीत सर्वेन्द्रिय परावर।
सर्वेन्द्रियकलाधीश मृत्युञ्जय! नमोऽस्तु ते।।२६।।
रूपं गन्धो रसः स्पर्शः शब्दः संस्कार एव च।
त्वत्तः प्रकाश एतेषां मृत्युञ्जय नमोऽस्तु ते।।२७।।

हे मृत्युञ्जय! हजुर पापका नाशक पुण्यका वर्धक र समस्त कल्याणका कारक हुनुहुन्छ। यस्ता हजुरलाई नमस्कार छ।।२५।।

सम्पूर्ण माया र कलातीत समस्त इन्द्रियहरुमा परावर इन्द्रियाधीश हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।२६।।

रुप, गन्ध, रस, स्पर्श, शब्द, र संस्कार यि सबैको प्रकाश हजुरबाटै हुनुहुन्छ। हे मृत्युञ्जय हजुरलाई नमस्कार छ।।२७।।

चतुर्विधानां सृष्टिनां हेतुस्त्वं कारणेश्वर।
भावाभावपरिछिन्न मृत्युञ्जय! नमोऽस्तु ते।।२८।।
त्वमेको निष्कलो लोके सकलम्भुवनत्रये।
अतिसूक्ष्मातिरूपस्त्वं मृत्युञ्जय! नमोऽस्तु ते।।२९।।
त्वं प्रबोधस्त्वमाधार त्वद्बीजं भुवनत्रयम्।
सत्वं रजस्तमस्त्वं हि मृत्युञ्जय! नमोऽस्तु ते।।३०।।

हे कारणेश्वर! हजुर चार प्रकारका सृष्टिका हेतु हुनुहुन्छ भाव र अभाव देखि परिच्छिन्न हे मृत्युञ्जय हजुरलाई नमस्कार छ।।२८।।

तिनै लोकमा एकमात्र हजुर नित्य हुनुहुन्छ। अति सूक्ष्म र अतिस्थूल रूप हे मृत्युञ्जय हजुरलाई नमस्कार छ।।२९।।

हजुर ज्ञानरुप र आधार रुप हुनुहुन्छ भुवनत्रयका बीज रूप हुनुहुन्छ! तथा सत्व रज तमो रुप पनि हजुर नै हुनुहुन्छ। हे मृत्युञ्जय हजुरलाई नमस्कार छ।।३०।।

त्वं सोमस्त्वं दिनेशश्च त्वमात्मा प्रकृतेः परः।
अष्टत्रिंशत्कलानाथ मृत्युञ्जय! नमोऽस्तु ते।।३१।।
सर्वेन्द्रियाणामाधारः सर्वभूतगुणाश्रयः।
सर्वज्ञानमयानन्त मृत्युञ्जय! नमोऽस्तु ते।।३२।।
त्वमात्मा सर्वभूतानां गुणानां त्वमधीश्वरः।
सर्वानन्दमयाधार मृत्युञ्जय! नमोऽस्तु ते।।३३।।

हजुर सोमरुप, सूर्यरुप, र आत्मरुप प्रकृति विलक्षण अडतीस कलाका नाथ हे मृत्युञ्जय! हजुरुलाई नमस्कार छ।।३१।।

समस्त इन्द्रियका आधार समस्त गुणहरूका आश्रय सर्वज्ञानमय अनन्त हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।३२।।

हजुर समस्त भूतहरूको आत्मा र सम्पूर्ण गुणहरूका अधीश्वर हुनुहुन्छ सर्व आनंन्दमय हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।३३।।

त्वं यज्ञः सर्वयज्ञानां त्वं बुद्धिर्बोधलक्षणा।
शब्दब्रह्मस्त्वमोङ्कारो मृत्युञ्जय! नमोऽस्तु ते।।३४।।

श्री सदाशिव उवाच

एवं सङ्कीर्त्तयेद्यस्तु शुचिस्तद्गतमानसः।
भक्त्या शृणोति यो ब्रह्मन् न स मृत्युवशो भवेत्।।३५।।
न च मृत्युभयं तस्य प्राप्तकालं च लङ्घयेत्।
अपमृत्युभयं तस्य प्रणश्यन्ति न संशयः।।३६।।

हजुर सम्पूर्ण यज्ञका यज्ञ, समस्त बुद्धिका बोधकर शब्द ब्रह्म ओंकार रूप हे मृत्युञ्जय! हजुरलाई नमस्कार छ।।३४।।

श्री सदाशिव भन्नुहुन्छ–जस्ले पवित्र भई शिवमा मन लगाएर भक्तिपूर्वक यस स्तोत्रको पाठ गर्दछ त्यो कहिल्यै पनि मृत्युको वश हुँदैन।।३५।।

त्यस्लाई मृत्युको भय हुँदैन र उस्का अप्राप्त कालमा आएका समस्त अपमृत्युहरू नाश हुन्छन्।।३६।।

व्याधयो नोपपद्यन्ते नोपसर्गभयं भवेत्।
प्रत्यासन्नान्तरे काले शतैकावर्तने कृते।।३७।।
मृत्युर्न जायते तस्य रोगान् मुञ्चति निश्चितम्।
पञ्चम्यां वा दशम्यां वा पौर्णमास्यामथापि वा।।३८।।
शतमावर्तयेद्यस्तु शतवर्षं स जीवति।
तेजस्वी बलसम्पन्नो भलते श्रियमुत्तमाम्।।३९।।

मृत्युको समयमा यस स्तोत्रको एक सय आवृत्ति गर्नाले कुनै व्याधी र उपसर्ग हरू हुँदैनन्।।३७।।

पञ्चमी, दशमी, अथवा पूर्णिमा तिथीहरूमा यो स्तोत्र पाठ गर्नाले अवश्यनै रोगमुक्ति र मृत्युमा विजय प्राप्त हुन्छ।।३८।।

यस स्तोत्र को सय आवृत्ति जसले पाठ गर्दछ उ तेजस्वी बलसम्पन्न र उत्तम ऐश्वर्यका साथमा सय वर्ष सम्म बाच्द छ।।३९।।

त्रिविधं नाशयेत्पापं मनोवाक्-कायसम्भवम्।
अभिचाराणि कर्माणि कर्माण्याथर्वणानि च।
क्षीयन्ते नात्र सन्देहो दुःस्पप्नश्च विनश्यति।।४०।।
इदं रहस्यं परमं देवदेवस्य शूलिनः।
दुःस्वप्ननाशनं पुण्यं सर्वविघ्नविनाशनम्।।४१।।

।। इति श्रीशिवब्रह्मसंवादे श्रीमृत्युञ्जयस्तोत्रं सम्पूर्णम् ।।

*

यस्को पाठ गर्नाले मन, वाणी र शरीर द्वारा, गरिएका पाप नष्ट हुन्छन् र अन्य सबै प्रकारका अभिचार कर्महरू क्षीण हुन्छन्। दुःस्वप्न नष्ट हुन्छन् त्यसमा कुनै सन्देह छैन्।।४०।।

देवाधि देव, त्रिशूल धारी भगवान् शिवको यो रहस्य सम्पूर्ण विघ्न नाशक, दुःस्वप्न नाशक पुण्यदायक छ।।४१।।

मार्तण्डभैरवतन्त्रोक्तम्

महाकालशनिमृत्युञ्जयस्तोत्रम्

श्रीगणेशाय नमः। ॐ शनैश्चराय नमः।।

नीलाद्रिशोभाञ्चितदिव्यमूर्तिः खड्गी त्रिदण्डी शरचापहस्तः।
शम्भुर्महाकालशनिः पुरारिर्जयत्यशेषासुर नाशकारी।।१।।
मेरुपृष्ठे समासीनं सामरस्ये स्थितं शिवम्।
प्रणम्य शिरसा गौरी पृच्छतिस्म जगद्धितम्।।२।।

नीलगिरि पर्वत समान दिव्यमूर्ति स्वरूप खड्ग, त्रिशूल, धनुष, बाण तथा त्रिदण्ड धारण गर्नुहुने एवं समस्त असुरहरूका नाशकारी त्रिपुरारी भगवान् श्रीमहाकालशनि रूप शम्भु को जय होस।।१।।

समस्त देवताहरूका मध्यमा सुमेरूपर्वतको पृष्ठमा अवस्थित भगवान् शिवजीलाई शिर झुकाई प्रणाम गरेर सम्पूर्ण जगत कल्याणको लागि भगवती गौरीले प्रश्न गर्नु भयो।।२।।

पार्वत्युवाच

भगवन् देवदेवेश भक्तानुग्रहकारक।
अल्पमृत्युविनाशाय यत्त्वया पूर्वसूचितम्।।३।।
तदेव त्वं महाबाहो लोकानां हितकारकम्।
तव मूर्तिप्रभेदस्य महाकालस्य साम्प्रतम्।।४।।
शनिमृत्युञ्जयस्तोत्रं ब्रूहि मे नेत्रजन्मनः।
अकाल-मृत्यु-हरणमपमृत्यु-निवारणम् ।।५।।
शनिमन्त्रप्रभेदा ये तैर्युक्तं यत्स्तवं शुभम्।
प्रतिनाम चतुर्थ्यन्तं नमोऽन्तं मनुनायुतम्।।६।।

पार्वती भन्नुहुन्छ—हे देवदेवेश! भक्तहरूलाई अनुग्रह गर्ने हे भगवन्! अल्पमृत्यु निवारणकोलागि हुजुरले जुन साधन पहिले सूचित गर्नु भएकोथियो त्यही साधन लोक हितको लागि हुजुरको मूर्ति भेद सहित महाकाल स्वरूप प्रभुको शनिमृत्युञ्जय स्तोत्र जो अकाल र अपमृत्युको नाशक भनिएको छ भन्नुहोस्। साथै शनिमन्त्रकाभेदहरू र ती मन्त्र

श्रीईश्वर उवाच

नित्ये प्रियतमे गौरि सर्वलोकहिते रते।
गुह्याद्गुह्यतमं दिव्यं सर्वलोकोपकारकम्।।७।।
शनिमृत्युञ्जयस्तोत्रं प्रवक्ष्यामि तवाधुना।
सर्वमङ्गलमाङ्गल्यं सर्वशत्रुविमर्दनम्।।८।।
सर्वरोगप्रशमनं सर्वापद् विनिवारणम्।
शरीरारोग्यकरणमायुर्वृद्धिकरं नृणाम्।।९।।

हरूलेयुक्त भएको हजुरको शुभदायक स्तव पनि भन्नुहोस्। जो मनुले युक्त र प्रत्येक नाममा चतुर्थीका साथ नमः पद अन्त्यमा जोडियेको होस।।३-६।।

ईश्वरले भन्नुभयो—सम्पूर्ण प्राणिहरूलाईहित गर्ने हे नित्यस्वरूपा प्रियतमा पार्वती! म अब तिमिलाई लोकोपकारक अत्यन्त गोपनीय दिव्य शनिमृत्युञ्जय स्तोत्र भन्द छु। जो सर्वमङ्गलहरूमा पनि मंगल सम्पूर्णशत्रुनाशक, रोगनाशक तथा समस्त आपत्तिहरू निवारक छ। जस्को पाठगर्नाले मनुष्यहरूको आयुवृद्धिका साथ-साथ शरीरको आरोग्यता प्राप्त हुन्छ।।७-९।।

यदि भक्तासि मे गौरि गोपनीयं प्रयत्नतः।
गोपितं सर्वतन्त्रेषु तच्छृणुष्व महेश्वरि।।१०।।

ॐ अस्य श्रीमहाकालशनिमृत्युञ्जयस्तोत्रमन्त्रस्य पिप्पलादिऋषिरनुष्टुप्छन्दो महाकालशनिर्देवता शं बीजमायसो शक्तिः कालपुरुषायेति कीलकं ममाकालापमृत्युनिवारणार्थे पाठे विनियोगः।

हे! गौरी तिमियदि मेरी भक्त हौ भने यो रहस्य कसैलाई पनि न भन्नु सम्पूर्ण तन्त्रहरूमा पनि गोपनीय छ् हे महेश्वरी अब तिमिले त्यही महाकाल शनिमृत्यञ्जयको श्रवणगर।।१०।।

विनियोग–ॐ यस श्रीमहाकाल शनिमृत्युञ्जय स्तोत्रमन्त्रको पिप्पलादि ऋषि, अनुष्टुपछन्द महाकालशनि देवता शं बीज आयस शक्ति कालपुरूष कीलक मेरो अकाल र अपमृत्युनिवारण कालागि पाठ गर्दछु।

ऋषिन्यास करन्यास, र देहन्यास र ध्यानपूर्वक पाठ गर्नु जो यस प्रकार छ-

ऋषिन्यासं करन्यासं देहन्यासं समाचरेत्।
महोग्रं मूर्ध्नि विन्यस्य मुखे वैवस्वतं न्यसेत्।।११।।
गले तु विन्यसेन्मन्दं बाह्वोर्महाग्रहं न्यसेत्।
हृदि न्यसेन्महाकालं गुह्ये कृशतनुं न्यसेत्।।१२।।
जान्वोस्तूडुचरं न्यस्य पादयोस्तु शनैश्चरम्।
एवं न्यासविधिं कृत्वा पश्चात् कालात्मनः शनै।।१३।।
न्यासं ध्यानं प्रवक्ष्यामि तनौ ध्यात्वा पठेन्नरः।
कल्पादियुगभेदांश्च कराङ्गन्यासरूपिण:।।१४।।

महोग्राय नमः शिरसी भनि शिरमा न्यास गर्नु, वैवस्वताय नमः भनि मुखमा न्यास गर्नु।।११।। मन्दाय नमः भनि गलामा न्या.......। महाग्रहाय नमः भनि बाहु.....। महाकालाय नमः भनि हृदयमा.....। कृशतनवेनमः भनी गुह्यमा न्या......।।१२।। उडुचरायनमः भनि घुँडा.......। शनैश्चराय नमः भनि दुवै खुट्टामा....यस प्रकार कालात्माप्रभुको विस्तारैन्यासगरेर शरीरमा पनि न्यास ध्यान गरेर पाठ गर्नु। शरीरमा न्यास गर्दा कल्पादियुग भेदहरूकोपनि न्यास ध्यान गर्नु।।१४।।

कालात्मनो न्यसेद्गात्रे मृत्युञ्जय नमोऽस्तुते।
मन्वन्तराणि सर्वाणि महाकालस्वरूपिणः।।१५।।
भावयेत् प्रतिप्रत्यङ्गे महाकालाय ते नमः।
भावयेत्प्रभवाद्यब्दान् शीर्षे कालजिते नमः।।१६।।
नमस्ते नित्यसेव्याय विन्यसेदयने भ्रुवोः।
सौरये च नमस्तेऽस्तु गण्डयोर्विन्यसेदृतून्।।१७।।

सम्पूर्ण मन्वन्तर हरू महाकाल स्वरुपछन अतः कालात्मने मृत्युञ्जयाय नमः भनि सम्पूर्ण शरीरमा न्यास गर्नु।।१५।। महाकालाय नमः भनि प्रत्येक उपाङ्ग हरूमा ध्यान न्यास गर्नु। कालजिते नमः भनि प्रत्येक वर्षको ध्यानगरी शिरमा ध्यान गर्नु।।१६।।

नित्यसेव्याय नमः भनि दुवै अयनको ध्यान गरी आँखी भौमा न्यास गर्नु। सौरये नमः भनि छ ऋतु हरूको ध्यानगरी दुवै गालामा न्यास गर्नु।।१७।।

श्रावणं भावयेदक्ष्णोर्नमः कृष्णनिभाय च।
महोग्राय नमो भाद्रं तथा श्रवणयोर्न्यसेत्।।१८।।
नमो वैदुर्निरीक्ष्याय चाश्विन्यं विन्यसेन् मुखे।
नमो नीलमयूखाय ग्रीवायां कार्तिकं न्यसेत्।।१९।।
मार्गशीर्षं न्यसेद्बाह्वोर्महारौद्राय ते नमः।
ऊर्ध्वलोक निवासाय पौषं तु हृदयं न्यसेत्।।२०।।

कृष्णनिभाय नमः भनि श्रावण महिनाको ध्यानगरी दुवै आँखामा न्यास गर्नु। महोग्राय नमः भनि भाद्रको ध्यानगरी दुवै कानमा न्यास गर्नु॥१८॥

दुर्निरीक्ष्याय नमः भनि असोजको ध्यानगरी मुखमा न्यास गर्नु। नीलमयूखायनमः भनि गलामा कार्तिकको, ध्यानगरी न्यास गर्नु॥१९॥

महारौद्राय नमः भनि बाहुमा मार्णशीर्षको ध्यानगरी न्यास गर्नु। ऊर्ध्वलोकनिवासाय नमः भनि पौषको ध्यानगर्दै हृदयमा न्यास गर्नु॥२०॥

नमः कालप्रबोधाय माघं वै चोदरे न्यसेत्।
मन्दगाय नमो मेढ्रे न्यसेद्वै फाल्गुनं तथा।।२१।।
ऊर्वोर्न्यसेच्चैत्रमासं नमः शिवोद्भवाय च।
वैशाखं विन्यसेज्जान्वोर्नमः संवर्त्तकाय च।।२२।।
जङ्घयोर्भावयेज्ज्येष्ठं भैरवाय नमस्तथा।
आषाढं पादयोश्चैव शनये च नमस्तथा।।२३।।

काल प्रबोधाय नमः भनि पेटमा माघको ध्यान गर्दै न्यास गर्नु। मन्दगायनमः भनी अण्डकोषमा फाल्गुनको ध्यान गर्दै न्यास गर्नु।।२१।।

शिवोद्भवाय नमः भनि जङ्घामा चैत्रमासको ध्यान गर्दै न्यास गर्नु। संवर्त्तकाय नमः भनि घुँड़ामा वैशाखको ध्यानगर्दै न्यास गर्नु।।२२।।

भैरवाय नमः भनि दुवै जङ्घामा ज्येष्ठको ध्यानगर्दै न्यास गर्नु। शनये नमः भनि दुवै खुट्टामा आषाढ़को ध्यानगरी न्यास गर्नु।।२३।।

कृष्णपक्षं च क्रूराय नमः आपादमस्तके।
न्यसेदाशीर्ष पादान्ते शुक्लपक्षं ग्रहाय च।।२४।।
न्यसेन्मूलं पादयोश्च ग्रहाय शनये नमः।
नमः सर्वजिते चैव तोयं सर्वाङ्गुलौ न्यसेत्।।२५।।
न्यसेद्गुल्फद्वये विश्वं नमः शुष्कतराय च।
विस्कुम्भं भावयेज्जङ्घोभयशिष्टतमाय ते।।२६।।

क्रूराय नमः भनि मस्तक देखी पैतालासम्म कृष्णपक्षको ध्यान गरी न्यास गर्नु। ग्रहाय नमः भनि शिर देखी खुट्टासम्म शुक्लपक्षको ध्यान गर्दै न्यास गर्नु॥२४॥

शनये ग्रहाय नमः भनि दुवै पादमूलमा न्यास गर्नु। सर्वजिते नमः भनि जलको ध्यानगरी सम्पूर्ण अङ्गुलीहरूमा न्यास गर्नु॥२५॥

शुष्कतराय नमः भनि दुवै गुल्पहरूमा विश्वको ध्यान गर्दै न्यास गुर्न। भयशिष्ट तमाय नमः भनी जङ्घामा विष्कुम्भको ध्यानगरी न्यास गर्नु॥२६॥

जानुद्वये धनिष्ठां च न्यसेत् कृष्णरुचे नमः।
ऊरुद्वये वारुणर्क्षं न्यसेत् कालभृते नमः।।२७।।
पूर्वभाद्रं न्यसेन् मेढ्रे जटाजूटधराय च।
पृष्ठं उत्तरभाद्रं च करालाय नमस्तथा।।२८।।
रेवतीं च न्यसेन्नाभौ नमो मन्दचराय च।
गर्भदेशे न्यसेद्दस्रं नमः श्यामतराय च।।२९।।

कृष्णरूचे नमः भनि धनिष्ठालाई दुवै जानुमा ध्यानगरी न्यास गर्नु। कालभृते नमः भनि दुवै उरूमा वारूणर्क्षको ध्यानगरी न्यास गर्नु।।२७।।

जटाजूटधरायनमः भनी अण्डकोषमा पूर्वभाद्रपदाको ध्यानगर्दै न्यास गर्नु। करालाय नमः भनि पीठमा उत्तराभाद्रको ध्यान गर्दै न्यास गर्नु।।२८।।

मन्दचराय नमः भनि नाभीमा रेवतीको ध्यान गर्दै न्यास गर्नु। श्यामतराय नमः भन्दै गर्भदेसमा अश्विनीको ध्यान गर्दै न्यास गर्नु।।२९।।

नमो भोगिस्त्रजे नित्यं यमं स्तनयुगे न्यसेत्।
न्यसेत् कृत्तिकां हृदये नमस्तैलप्रियाय च।।३०।।
रोहिणीं भावयेद्धस्ते नमस्ते खड्गधारिणे।
मृगं न्यसेद् वामहस्ते त्रिदण्डोल्लसिताय च।।३१।।
दक्षोर्ध्वे भावयेद्रौद्रं नमो वै वाणधारिणे।
पुनर्वसुमूर्ध्ववामे नमो वै चापधारिणे।।३२।।

भोगिस्त्रजे नमः भनि दुवै स्तनमा यमको ध्यानगरी न्यास गर्नु। तैल प्रियाय नमः भनि हृदयमा कृत्तिकाको ध्यान गर्दै न्यास गर्नु।।३०।।

खड्गधारिणे नमः भनि हातमा रोहिणीको ध्यानगरी न्यास गर्नु। त्रिदण्डोल्लसिताय नमः भनि वायाहातमा मृगशिराको ध्यानगर्दै न्यास गर्नु।।३१।।।

वागधारिणे नमः भनि दक्षिण ऊर्ध्वमा रुद्ररूप आर्द्राको ध्यान गर्दै न्यास गर्नु। चापधारिणे नमः भनि वाम ऊर्ध्वमा पुनर्वसुको ध्यानगरी न्यास गर्नु।।३२।।

तिष्यं न्यसेद्दक्षबाहौ नमस्ते हरमन्यवे।
सार्पं न्यसेद्वामबाहौ चोग्रचापाय ते नमः।।३३।।
मघां विभावयेत् कण्ठे नमस्ते भस्मधारिणे।
मुखे न्यसेद्भगर्क्षं च नमः क्रूरग्रहाय च।।३४।।
भावयेद्दक्षनासायामर्यमाणं च योगिने।
भावयेद्वामनासायां हस्तर्क्षं धारिणे नमः।।३५।।

हरमन्यवे नमः भनि दक्षिण बाहुमा तिष्यको ध्यान गर्दै न्यास गर्नु। उग्रचापाय नमः भनी बामबाहुमा सार्पको ध्यान गर्दै न्यास गर्नु।।३३।।

भस्म धारिणे नमः भनि कण्ठमा मघाको ध्यानगरी न्यास गर्नु। क्रूर ग्रहाय नमः भनि मुखमा ध्यानगरी न्यास गर्नु।।३४।।

योगिने नमः भनि दाहिने नासिकामा अर्यमाको ध्यान गरी न्यास गर्नु। धारिणे नमः भनि वायाँ नासिकामा हस्त नक्षत्रको ध्यान गर्नु।।३५।।

त्वाष्ट्रं न्यसेद्दक्षकर्णे कृसरान्न प्रियाय ते।
स्वातीं न्यसेद्वामकर्णे नमो ब्रह्ममयाय ते।।३६।।
विशाखां च दक्षनेत्रे नमस्ते ज्ञानदृष्टये।
मैत्रं न्यसेद्वामनेत्रे नमोऽन्धलोचनाय ते।।३७।।
शाकं न्यसेच्च शिरसि नमः संवर्तकाय च।
विष्कुम्भं भावयेच्छीर्षे सन्धौ कालाय ते नमः।।३८।।

कृसरान्न प्रियाय नमः भनि दाहिना कानमा त्वाष्ट्रको ध्यान गर्दै न्यास गर्नु। ब्रह्ममयाय नमः भनि वाया कानमा स्वातीको ध्यान गर्दै न्यास गर्नु।।३६।।

ज्ञानदृष्टये नमः भनि दाहिना आँखामा विशाखाको ध्यान गर्दै न्यास गर्नु। अन्धलोचनाय नमः भनि वामनेत्रमा मैत्रको ध्यान गर्दै न्यास गर्नु।।३७।।

संवर्तकाय नमः भनि शिरमा शाकको ध्यानगरी न्यास गर्नु। कालाय नमः भनि शिर र शरीरका सन्धिहरूमा विस्कुम्भको ध्यानगरी न्यास गर्नु।।३८।।

श. मृ. स्तो.

प्रीतियोगं भ्रुवोः सन्धौ महामन्दं नमोऽस्तु ते।
नेत्रयोः सन्धायावुष्मद् योगं भीष्माय ते नमः।।३९।।
सौभाग्यं भावयेन्नासा-सन्धौ फलाशनाय च।
शोभनं भावयेत्कर्णे मन्धौ पुण्यात्मने नमः।।४०।।
नमः कृष्णायातिगण्डं हनुसन्धौ विभावयेत्।
नमो निर्मांसदेहाय सुकर्माणं शिरोधरे।।४१।।

महामन्दाय नमः भनि आँखी भौं र सन्धिहरूमा प्रीति योगको ध्यानगरी न्यास गर्नु। भीष्माय नमः भनि नेत्र सन्धिमा आयुष्मान योगको ध्यानगरी न्यास गर्नु।।३९।।

फलाशनाय नमः भनि नासिका सन्धिमा सौभाग्य योगको ध्यान गरी न्यास गर्नु। पुण्यात्मने नमः भनि कर्णसन्धिमा शोभनको ध्यानगरी न्यास गर्नु।।४०।।

कृष्णाय नमः भनि हनु सन्धिमा अतिगण्ड योगको ध्यान गरी न्यास गर्नु। निर्मांस देहाय नमः भनि शिरमुनि सुकर्माको ध्यान गरी न्यास गर्नु।।४१।।

धृतिं न्यसेद्दक्षबाहौ पृष्ठे छायासुताय च।
तन्मूलसन्धौ शूलञ्च न्यसेदुग्रायते नमः।।४२।।
तत्कूर्परि न्यसेद्‌गण्डं नित्यानन्दाय ते नमः।
वृद्धिं तन्मणिबन्धे च कालज्ञाय नमो न्यसेत्।।४३।।
ध्रुवं तदङ्गुलीमूल सन्धौ कृष्णायते नमः।
व्याघातं भावयेद्‌वामबाहुपृष्ठे कृशाय च।।४४।।

दाहिना बाहुमा धृतिको न्यास ध्यान गर्नु पृष्ठमा छायासुतको ध्यान गर्नु। उग्राय नमः भनि बाहुमूलमा त्रिशूलको ध्यान गरी न्यास गर्नु।।४२।।

नित्यानन्दाय नमः भनि दाहिना हातको हथेलिमा गण्ड योगको ध्यानगरी न्यास गर्नु। कालज्ञाय नमः भनि दाहिना हातको मणिबन्धमा वृद्धिको ध्यानगरी न्यास गर्नु।।४३।।

कृष्णाय नमः भनि दाहिना हातका अङ्गुली मूलमा ध्रुवको ध्यानगरी न्यास गर्नु। कृशाय नमः भनि बायां हातको पृष्ठमा व्याघात योगको ध्यान गरी न्यास गर्नु।।४४।।

हर्षणं तन्मूलसन्धौ भूतसन्तापिने नमः।
तत्कूपरि न्यसेद्वज्रं सानन्दाय नमोऽस्तु ते।।४५।।
सिद्धिं तन्मणिबन्धे च न्यसेत् कालाग्नये नमः।
व्यतीपातं कराग्रेषु न्यसेत् कालकृते नमः।।४६।।
वरीयांसे दक्षपार्श्वे सन्धौ कालात्मने नमः।
परिघं भावयेद्वामपार्श्वसन्धौ नमोऽस्तु ते।।४७।।

भूतसन्तापिने नमः भनि बामहातको मूल सन्धिमा हर्षण योगको ध्यानगरी न्यास गर्नु। सानन्दाय नमः भनि बायाँ हातको हथेलीमा वज्रको ध्यानगरी न्यास गर्नु।।४५।।

कालाग्नये नमः भनि बायाँ हातको मणिबन्धमा सिद्धियोगको ध्यानगरी न्यास गर्नु। कालकृते नमः भनी हातको अग्रभागमा व्यतीपात योगको ध्यानगरी न्यास गर्नु।।४६।।

कालात्मने नमः भनि दक्षिण पार्श्वको सन्धिहरूमा वरीयासको ध्यान गर्दै न्यास गर्नु। वाम पार्श्वको सन्धिहरूमा परिघको ध्यानगरी न्यास गर्नु।।४७।।

न्यसेद्दक्षोरुसन्धौ च शिवं वै कालसाक्षिणे।
तज्जानौ भावयेत्सिद्धिं महादेहाय ते नमः।।४८।।
साध्यं न्यसेच्च तद्गुल्फसन्धौ घोरायते नमः।
न्यसेत्तदङ्गुलीसन्धौ शुभ्रं रौद्राय ते नमः।।४९।।
न्यसेद्वामोरुसन्धौ च शुक्लं कालविदे नमः।
ब्रह्मयोगं च तज्जानौ न्यसेत्सद्योगिने नमः।।५०।।

काल साक्षिणे नमः भनि दक्षिण उरूसन्धिमा शिवको ध्यान गर्दै न्यास गर्नु। महादेहा नमः भनि दक्षिण जानुमा सिद्धिको ध्यान गरी न्यास गर्नु।।४८।।

घोराय नमः भनि गुल्फसन्धिमा साध्यगणको ध्यान गरी न्यास गर्नु। रौद्राय नमः भनि अङ्गुली सन्धिमा शुभ्रको ध्यानगरी न्यास गर्नु।।४९।।

कालविदे नमः भनि बायाँ उरूसन्धिमा शुक्लको ध्यान गर्दै न्यास गर्नु। योगिने नमः भनि बायाँ जानुमा ब्रह्मयोगको ध्यान गर्दै न्यास गर्नु।।५०।।

ऐन्द्रे तद्गुल्फसन्धौ च योगाधीशाय ते नमः।
न्यसेत्तदङ्गुली सन्धौ नमो भव्याय वैधृतिम्।।५१।।
चर्मणि बवकरणं भावयेद्यज्वने नमः।
बालवं भावयेद्रक्ते संहारक नमोऽस्तु ते।।५२।।
कौलवं भावयेदस्थिन नमस्ते सर्वभक्षिणे।
तैतिलं भावयेन् मांसे आममांसप्रियाय ते।।५३।।

योगाधीशाय नमः भनि बायाँ गुल्म सन्धिमा इन्द्रको ध्यान गरी न्यास गर्नु। भव्याय नमः भनि बायाँ अङ्गुलीसन्धिमा वैधृतिको ध्यानगरी न्यास गर्नु।।५१।।

यज्वने नमः भनि छालामा बवकरणको ध्यान गर्दै न्यास गर्नु। संहारकाय नमः भनि रक्तमा बालव करणको ध्यानगरी न्यास गर्नु।।५२।।

सर्वभक्षिणे नमः भनि हाडरूमा कौलव करणकोध्यानगरी न्यास गर्नु। आममांसप्रियाय नमः भनि मांसमा तैतिल करणको ध्यानगर्दै न्यास गर्नु।।५३।।

गरं न्यसेद्वपायां च सर्वग्रासाय ते नमः।
न्यसेद्वणिजं मज्जायां सर्वान्तक नमोऽस्तु ते।।५४।।
वीर्यं विभावयेद्विष्टिं नमो मत्यूग्रतेजसे।
रुद्रमित्रपितृवसुवारीण्येतांश्च पञ्च च।।५५।।
मुहूर्तांश्च दक्षपादनखेषु भावयेन् नमः।
खगेशाय च खस्थाय खेचराय स्वरूपिणे।।५६।।

सर्वग्रासाय नमः भनि बोसोमा गर करणको ध्यान गर्दै न्यास गर्नु। सर्वान्तकाय नमः भन्दै मज्जामा वणिज् करणको ध्यानगरी न्यास गर्नु।।५४।।

उग्र तेजसे नमः भनि विष्टिमा वीर्यको ध्यानगर्दै न्यास गर्नु, साथै रूद्र गण! मित्रगण, पितृगण वसु र वारीणि गण हरूको पनि ध्यान गर्दै न्यास गर्नु।।५५।।

खगेशाय खस्थाय खेचराय स्वरूपिणे नमः भनि दाहिना पादका नखमा मूहूर्त हरूको ध्यानगरी न्यास गर्नु।।५६।।

पुरुहूतशतमखे विश्ववेधोविधूंस्तथा।
मुहूर्तांश्च वामपादनखेषु भावयेन् नमः।।५७।।
सत्यव्रताय सत्याय नित्यसत्याय ते नमः।
सिद्धेश्वर नमस्तुभ्यं योगेश्वर नमोऽस्तु ते।।५८।।
वह्निनक्तं चरांश्चैव वरुणार्यमयोनिकान्।
मुहूर्तांश्च दक्षहस्तनखेषु भावयेन् नमः।।५९।।

पुरूहूत शतमखे विश्ववेधसे नमः भन्दै बामपादको नखमा पनि मुहूर्तको ध्यान गर्दै न्यास गर्नु।।५७।।

सत्यव्रत, सत्यस्वरूप हे! नित्यसत्य! हे सिद्धेश्वर! हे योगेश्वर हजुरलाई बारम्बार नमस्कार छ।।५८।।

अग्नि, रात्रि, चर, वरूण, अर्यमा, मूहूर्त आदिको दाहिने हात नखमा, ध्यान गर्दै

लग्नोदयाय दीर्घाय मार्गिणे दक्षदृष्टये।
वक्राय चातिक्रूराय नमस्ते वामदृष्टये।।६०।।
वामहस्तनखेष्वन्त्यवर्णेशाय नमोऽस्तु ते।
गिरिशाहिर्बुध्न्यपूषा जपादस्त्रांश्च भावयेत्।।६१।।
राशिभोक्त्रे राशिगाय राशिभ्रमणकारिणे।
राशिनाथाय राशीनां फलदात्रे नमोऽस्तु ते।।६२।।

न्यास गर्नु। लग्नोदय, दीर्घ, मार्गीको दायाँ आँखामा ध्यानगरी न्यास गर्नु। वक्राय अतिक्रूराय नमः भनि बाम आँखामा ध्यानगरी न्यास गर्नु।।६०।।

अन्त्य वर्गेशाय नमः भनि बायाँ हातका नखमा न्यास गर्नु र गिरश, अहिर्वुध्न्य, पूषा आदिको ध्यान गर्नु।।६१।।

राशि भोक्ता, राशी गामी, र राशीमा भ्रमण गर्ने तथा राशीका नाथ एवं राशीको फलदातालाई नमस्कार छ।।६२।।

यमाग्निचन्द्रादितिकविधातॄंश्च विभावयेत्।
ऊर्ध्वहस्तदक्षनखेत्वन्त्यकालाय ते नमः।।६३।।
तुलोच्चस्थाय सौम्याय नक्रकुम्भगृहाय च।
समीरत्वष्टजीवांश्च विष्णुतिग्मद्युतीन् न्यसेत्।।६४।।
ऊर्ध्व-वाम-हस्त-नखेष्वन्य ग्रह-निवारिणे।
तुष्टाय च वरिष्ठाय नमो राहुसखाय च।।६५।।

अन्त्यकालाया नमः भन्दै ऊर्ध्वहातको दक्षिण नखमा यम अग्नि चन्द्र, अदिति, कवि, र धाताको ध्यान गर्नु।।६३।।

तुलोच्चस्थाय नमः सौम्याय नमः नक्रकुम्भ गृहाय, नमः तुष्टाय नमः वरिष्ठाय नमः राहुसखाय नमः, ग्रहनिवारिणे नमः भन्दै उर्ध्ववाम हातको नखमा वायु, त्वक, विष्णुतिग्म आदि जीवको ध्यान गर्दै न्यास गर्नु।।६४-६५।।

रविवारं ललाटे च न्यसेद्भीमदृशे नमः।
सोमवारं न्यसेदास्ये नमोऽमृतप्रियाय च।।६६।।
भौमवारं न्यसेत्वान्ते नमो ब्रह्मस्वरूपिणे।
मेढ्रे न्यसेत् सौम्यवारं नमो जीवस्वरूपिणे।।६७।।
वृषणे गुरुवारं च नमो मन्त्रस्वरूपिणे।
भृगुवारं मलद्वारे नमः प्रलयकारिणे।।६८।।

भीमदृशे नमः भन्दै रविवार लाई ललाटमा ध्यान गर्दै न्यास गर्नु। अमृत प्रियाय नमः भन्दै सोमवार लाई मुखमा ध्यानगरी न्यास गर्नु।।६६।।

ब्रह्मस्वरूपिणे नमः भन्दै हृदयमा भौमको ध्यान गर्दै न्यास गर्नु। जीव स्वरूपिणे नमः भनि अण्डकोषमा बुधको ध्यानगरी न्यास गर्नु।।६७।।

मन्त्र स्वरूपिणे नमः भनि लिङ्गमा गुरूवारको ध्यानगरी न्यास गर्नु। प्रलय कारिणे नमः भनि मलद्वारमा शुक्रवारको ध्यानगरी न्यास गर्नु।।६८।।

पादयोः शनिवारं च निर्मांसाय नमोऽस्तु ते।
न्यसेत्केशेषु घटिकां नमस्ते सूक्ष्मरूपिणे।।६९।।
एवं न्यासविधिं कृत्वा ततो ध्यात्वा पठेन्नरः।
ध्यानं तस्य महेशानि शृणु वक्ष्यामि वन्दिते।।७०।।
ध्यायेन्नील शनि घोरं त्रिपुरारिं त्रिदण्डकम्।
खड्गहस्ते दधानं तं वामदक्षिणयोः क्रमात्।।७१।।

निर्मांसाय नमः भनिः दुवै खुट्टामा शनिवारको ध्यानगरी न्यास गर्नु। सूक्ष्म रुपिणे नमः भनि कपालमा घटिकाको ध्यानगरी न्यास गर्नु॥६९॥

हे वन्दिते! हे महेश्वरी! यस प्रकार न्यास विधिगरेर त्यसपछि ध्यान गर्नु ध्यानको विधि यस प्रकार छ॥७०॥

नीलस्वरूप घोररूप त्रिदण्डधारी त्रिपुरारी बायाँ र दाहिना हातमा खड्ग र त्रिशूल धारण गर्नु भएका दीर्घ रूपी विकराल नेत्र शुष्क अङ्गभएका गिद्ध माथिविराजमान त्रिलोचन

गृध्रोपरिगतं शुष्कं दीर्घाङ्गं काललोचनम्।
महाकालं शनिं शम्भुं त्रिपुरारि त्रिलोचनम्।।७२।।
महोग्रं क्रूरकर्माणं देवदेवं शनैश्चरम्।
एवं ध्यात्वा ततो देवि स्तोत्रमेतत् पठेत् सदा।।७३।।
कालरूपिन्नमस्तेऽस्तु सर्वपापप्रणाशकः।
त्रिपुरस्य वधार्थाय शम्भुजाताय ते नमः।।७४।।
नमः कालशरीराय कालनुन्नाय ते नमः।
कालहेतो नमस्तुभ्यं कालनन्दाय वै नमः।।७५।।

भगवान् महाकालशनिरूप शंकर प्रभुको ध्यान गरी स्तोत्र पाठ गर्नु।।७१-७३।।

समस्त पापनाशक कालरूपी त्रिपुरासुरको वधकालागि शंकरावतार महाकाल शनिलाई नमस्कार छ।।७४।।

काल प्रवर्तक काल शरीर लाकानन्द र कालकाकारक महाकाल शनिलाई नमस्कार छ।।७५।।

अखण्डदण्डमानाय त्वनाद्यन्ताय वै नमः।
कालदेवाय कालाय कालकालाय ते नमः।।७६।।
निमेषादिमहाकल्पकालरूपं च भैरवम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।७७।।
दातारं सर्वभव्यानां भक्तानामभयङ्करम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।७८।।

आदि र अन्त रहित कालकाकाल कालदेवता अखण्ड दण्ड धारण गर्ने वाला काल रूप महाकाल शनि लाई नमस्कार।।७६।।

निमेष देखी परार्द्धसम्मका समयरूप महाभैरव महाकालशनिमृत्युञ्जयलाई नमस्कार छ।।७७।।

समस्त कल्याणका दाता भक्तहरूलाई अभय प्रदाता महाकाल शनि मृत्युञ्जय लाई नमस्कार छ।।७८।।

कर्त्तारं सर्वदुःखानां दुष्टानां भयवर्द्धनम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।७९।।
हर्त्तारं ग्रहजातानां फलानामघकारिणाम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८०।।
सर्वेषामेव भूतानां सुखदं शान्तमव्ययम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८१।।

दुष्टहरूलाई दुःख र भयदिनेवाला महाकाल शनिमृत्युञ्जय भगवान लाइ नमस्कार छ।।७९।।

पापग्रहको दुस्फल नाशगर्नेवाला महाकाल शनिमृत्युञ्जयलाई नमस्कार छ।।८०।।

समस्त प्राणिमात्रलाई सुखदिनेवाला अव्यय शान्त स्वरूप महाकालशनि मृत्युञ्जय लाई नमस्कार छ।।८१।।

कारणं सुखदुःखानां भावाभावस्वरूपिणम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८२।।
अकाल-मृत्यु-हरणमपमृत्यु-निवारणम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८३।।
कालरूपेण संसारं भयक्षन्तं महाग्रहम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८४।।

सुख दुःख का कारक भाव र अभाव स्वरूप भगवान् महाकाल शनि मृत्युञ्जय लाई नमस्कार।।८२।।

अकाल मृत्यु हरण गर्नें र अपमृत्यु नाशगर्नेंवाला महाकाल शनि मृत्युञ्जय लाई नमस्कार।।८३।।

महाकाल स्वरूपले समस्त विश्वको संहार गर्नेंवाला महाकाल शनि मृत्युञ्जय लाई नमस्कार।।८४।।

दुर्निरीक्ष्यं स्थूलरोमं भीषणं दीर्घलोचनम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८५।।
ग्रहाणां ग्रहभूतं च सर्वग्रहनिवारणम्।
मृत्युञ्जयं महाकालं नमस्यामि शनैश्चरम्।।८६।।
कालस्य वशगाः सर्वे न कालः कस्यचिद्वशः।
तस्मात्त्वां कालपुरुषं प्रणतोऽस्मि शनैश्चरम्।।८७।।

ठूला ठूला रोम र दीर्घ नेत्र तथा भीषण रूपका कारण दुर्निरीक्ष्य भगवान् महाकाल शनि मृत्युञ्जयलाई नमस्कार।।८५।।

समस्त ग्रहरूका पनि ग्रह र ग्रह दोषलाई निवारण गर्ने वालामहाकाल शनिमृत्युञ्जयलाई नमस्कार।।८६।।

समस्त संसार कालको वशमा छ, तर काल कसैकोपनि वशमाछैन त्यसैले कालरूप महाकाल शनिमृत्युञ्जयलाई नमस्कार।।८७।।

कालाद्देव जगत्सर्वं काल एवं विलीयते।
कालरूपः स्वयं शम्भुः कालात्मा ग्रहदेवता।।८८।।
चण्डीशो रुद्रडाकिन्याक्रान्तश्चण्डीश उच्यते।
विद्युदाकलितो नद्यां समारूढो रसाधिपः।।८९।।
चण्डीशः शुकसंयुक्तो जिह्वया ललितः पुनः।
क्षतजस्तामसी शोभी स्थिरात्मा विद्युता युतः।।९०।।

समस्त ब्रह्माण्डको उत्पत्ति कालबाट हुन्छ र कालमानै लीनहुन्छ कालात्मा ग्रहदेवता स्वयं शम्भु हुनुहुन्छ।।८८।।

रूद्र र डाकिनी हरूद्वारा आक्रान्त विजुलिले आकलित नन्दीमा समारुढ़ रसाधिप भगवान् लाई चण्डीश भनिन्छ।।८९।।

जिभ्रोले सुशोभित शुकलेयुक्त क्षतक्षशेभी विद्युतले युक्त स्थिरात्मालाई चण्डीश भनिन्छ।।९०।।

नमोऽन्तो मनुरित्येष शनितुष्टिकरः शिवे आद्यन्तेऽष्टोत्तरशतं मनुमेन जपेन्नरः।।९१।।

यः पठेच्छृणुयाद्वापि ध्यात्वा सम्पूज्य भक्तितः।
तस्य मृत्योर्भयं नैव शतवर्षावधि प्रिये।।९२।।
ज्वराः सर्वे विनश्यन्ति दद्रुविस्फोटकच्छुकाः।
दिवा सौरिं स्मरेत् रात्रौ महाकालं यजन् पठेत्।।९३।।

हे शिवे! नमः पद अन्त्यमा रहेको यो मनुनामको स्तोत्र शनिभगवान लाई सन्तुष्टी कारक छ। यस मनुस्तोत्रको कुनैकार्यको आरम्भ र अन्त्यमा एक सय आठ आवृत्ति गर्नाले शुभ फल प्राप्त हुन्छ।।९१।।

हे प्रिये! भक्तिपूर्वक पूजनगरी यस स्तोत्रको पाठ अथवा श्रवण जस्ले गर्दछ उसलाई शयवर्षसम्म मृत्युभय हुँदैन।।९२।।

दिनमा सूर्य र रात्रिमा महाकालको पूजा गर्दै यसस्तोत्रको पाठ गर्नाले सबै प्रकारका ज्वर दादुरा खटिरा आदि रोगहरू नाश हुन्छन।।९३।।

जन्मर्क्षे च यदासौरिर्जपेदेतत्सहस्त्रकम्।
वेधगे वामवेधे वा जपेदर्द्धसहस्त्रकम्।।९४।।
द्वितीये द्वादशे मन्दे तनौ वा चाष्टमेऽपि वा।
तत्तद्राशौ भवेद्यावत् पठेत्तावद्दिनावधि।।९५।।
चतुर्थे दशमे वापि सप्तमे नवपञ्चमे।
गोचरे जन्मलग्नेशे दशास्वन्तर्दशासु च।।९६।।

जन्म नक्षत्रका दिन वेध अथवा वामवेधको अवस्थामा क्रमशः हजार र पाँच सय आवृत्ति पाठ गर्नु।।९४।।

द्वितीय, तृतीय, अष्टम, अथवा कुनै पनि भाव र अनिष्ट ग्रहको अवस्थामा त्यो दिन पनि यसको पाठ गर्नु।।९५।।

चतुर्थ, दशम, सप्तम, नवमभावमा गोचर लग्नेश भएमा अथवा कुनैपनि अन्तर्दशाको परिस्थितिमा यस स्तोत्रको पाठगर्नु शुभ फलदायक हुन्छ।।९६।।

गुरुलाघवज्ञानेन पठेदावृत्ति संख्यया।
शतमेकं त्रयं वाथ शतयुग्मं कदाचन।।९७।।
आपदस्तस्य नश्यन्ति पापानि च क्षयं भवेत्।
महाकालालये पीठे ह्यथवा जलसन्निधौ।।९८।।
पुण्यक्षेत्रेऽश्वत्थमूले तैलकुम्भाग्रतो गृहे।
नियमेनैकभक्तेन ब्रह्मचर्येण मौनिना।।९९।।

ह्रस्व दीर्घको ध्यान राख्दै एक सय दुई सय अथवा तीन सयको संख्यामा पाठ गर्नु।।९७।।

पाठ गर्नाले पाठ कर्ताका समस्त पाप र आपत्ति हरू नाश हुन्छन। यसरी महाकाल शनिको मन्दिर अथवा नदीको किनारामा।।९८।।

यो शनि मृत्युञ्जयस्तोत्र पवित्र भूमिमा पीपलको फेदमा तेलको कुम्भ अगाडी नियम पूर्वक ब्रह्मचर्य पालनगर्दै मौन भएर श्रवण अथवा पाठ गर्नाले साधक हरूलाई सुख शान्ति र कल्याणका साथ पुण्य प्राप्त हुन्छ।।९९-१००।।

श्रोतव्यं पठितव्यं च साधकानां सुखावहम्।
परं स्वस्त्ययनं पुण्यं स्तोत्रं मृत्युञ्जयाभिधम्।।१००।।
कालक्रमेण कथितं न्यासक्रमसमन्वितम्।
प्रातःकाले शुचिर्भूत्वा पूजायां च निशामुखे।।१०१।।
पठतां नैव दुष्टेभ्यो व्याघ्रसर्पादितो भयम्।
नाग्नितो न जलाद्वायोर्दशेदेशान्तरेऽथवा।।१०२।।
नाकाले मरणं तेषां नापमृत्युभयं भवेत्।
आयुर्वर्षशतं साग्रं भवन्ति चिरजीविनः।।१०३।।

समयको क्रमानुसार न्यास क्रमले युक्त मैले भनेको यो स्तोत्र प्रातः काल पूजाको समयमा अथवा सायं पवित्र भई पाठ गर्ने हरूलाई दुष्टहरूबाट, बाघ, सर्प, अग्नि, जल वायु, अथवा परदेश आदि बाट भय हुँदैन।।१०१-१०२।।

यस स्तोत्रका पाठक हरूको अपमृत्यु अथवा अकाल मृत्यु हुँदैन उनिहरू चिरञ्जीवि भई हजारौं वर्ष बाँच्द छन्।।१०३।।

नातः परतरं स्तोत्रं शनितुष्टिकरं महत्।
शान्तिकं शीघ्रफलदं स्तोत्रमेतन्मयोदितम्।।१०४।।
तस्मात् सर्वप्रयत्नेन यदीच्छेदात्मनो हितम्।
कथनीयं महादेवी नैवाभक्तस्य कस्यचित्।।१०५।।

॥ इति श्रीमार्तण्डभैरवतन्त्रे महाकालशनिमृत्युञ्जयस्तोत्रं सम्पूर्णम् ॥



यो मैले बतायेको शनि मृत्युञ्जयको समान शनिलाई तुष्टिदाय र शान्तिदिनेवाला र शीघ्र फलदाता अरू स्तोत्र छैन।।१०४।।

हे महादेवी! त्यसैकारण आफ्नोहित कल्याण चाहनेवालाले यस स्तोत्रको कथन कुनैपनि अनाधिकारी अभक्तका अगाडी न गर्नु।।१०५।। इति।।

महामृत्युञ्जयस्तोत्रम्

श्री गणेशाय नमः। ॐ अस्य श्रीमहामृत्युञ्जयस्तोत्रमन्त्रस्य श्रीमार्कण्डेय ऋषिः। अनुष्टुप् छन्दः। श्रीमृत्युञ्जयो देवता। गौरी शक्तिः मम सर्वारिष्टसमस्ततापमृत्युशान्त्यर्थं च जपे विनियोगः। अथ ध्यानम्—

चन्द्रार्काग्निविलोचनं स्मितमुखं पद्मद्वयान्तस्थितं मुद्रापाशमृगाक्ष-सूत्रविलसद् पाणिं हिमांशुप्रभम्। कोटिइन्दुप्रलत्सुधाप्लुततनुं हारादि-भूपोज्ज्वलं कान्तं विश्वविमोहनं पशुपतिं मृत्युञ्जयं भावयेत्।। रुद्रं पशुपतिं स्थाणुं नीलकण्ठमुमापतिम्। नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति।।१।। नीलकण्ठं कालमूर्तिं कालज्ञं काल नाशनम्। नमामि शिरसा देवं किं नो मृत्यु करिष्यति।।२।। नीलकण्ठं विरूपाक्षं निर्मलं निलयप्रभम्। नमामि शिरसां देवं किं नो मृत्युः करिष्यति।।३।। वामदेवं महादेवं लोकनाथं जगद्गुरुम्। नमामि शिरसा देवं किं नो मृत्यु

करिष्यति।।४।। देवदेवं जगन्नाथं देवेशं वृषभध्वजम्। नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति।।५।। गङ्गाधरं महादेवं सर्वाभरणभूषितम्! नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति।।६।। अनाथं परमानन्दं कैवल्यपददायिनम्। नमामि शिरसा देवं किं नो मृत्युः करिष्यतिः।।७।। स्वर्गापवर्गदातारं सृष्टिस्थितिविनाशकम्। नमामि शिरसा देवं किं नो मृत्युः करिष्यति।।८।। उत्पत्तिस्थितिसंहारकर्त्तारमीश्वरं गुरुम्। नमामि देवदेवेशं किं नो मृत्युः करिष्यति।।९।। मार्कण्डेयकृतं स्तोत्रं यः पठेच्छिवसन्निधौ। तस्य मृत्युभयं नास्ति नाग्निचौरभयं क्वचित्।।१०।। शतावर्तं प्रकर्तव्यं संकटे कष्टनाशनम्। शुचिर्भूत्वा पठेत्स्तोत्रं सर्वसिद्धि प्रदायकम्।।११।। मृत्युञ्जयं महादेवं त्राहि मां शरणागतम्। जन्ममृत्युजरारोगैः। पीडितं कर्मबन्धनैः।।१२।। तावतस्त्वद्गतप्राणस्त्वच्चितोऽहं सदा मृड। इति विज्ञाप्य देवेशं त्र्यम्बकाख्यमनुं जपेत्। नमः शिवाय साम्बाय हरये परमात्मने। प्रणतक्लेशनाशाय योगिनां पतये नमः।।१४।।

शताङ्गायुर्मन्त्रः—ॐ ह्रीं श्रीं। ह्रीं ह्रौं ह्रें ह्रः हन २ दह २ पच २ गृहाण २ मारय २ मर्दय २ महाभैरव भैरवरूपेण धुनय २ कम्पय २ विघ्नय २ विश्वेश्वर क्षोभय २ कटु २ मोहय २ हुँफट् स्वाहा।

इति मन्त्रमात्रेण लब्धाभिष्टो भवति।

।। इति श्रीमार्कण्डेयपुराणे मार्कण्डेयकृतं महामृत्युञ्जयस्तोत्रम्।।

मृत्युञ्जयवैदिकमन्त्रः

ॐ ह्रौं जूं सः त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्द्धनम्।।
ऊर्व्वारुकमिवबन्धनान्मृत्योर्मुक्षीयमामृतात्। ॐ सः जूं ह्रौं।

* जपसंख्या—२७००० * दान-शनिदान।

शनिवार पिपलमा जल चढाउने मन्त्रः

अश्वत्थ हुत भुग्वासः गोविन्दस्य सदाप्रियः।
अशेषं हर मे पापं वृक्षराज नमोऽस्तुते।।



मार्कण्डेयकृत मृत्युञ्जयस्तोत्रम्

ततो विष्ण्वर्पितमना मार्कण्डेयो महापतिः।
तुष्टाव प्रणतो भूत्वा देवदेवं जनार्दनम्।।१।।

तत्पश्चात् श्री मार्कण्डेय महामुनिले भगवान् विष्णुप्रति आफ्नो चित्त लगाएर देवादिदेव जनार्दनलाई नमस्कार गर्दै अत्यन्तै प्रसन्न हुनुभयो।

विष्णुनैवोपदिष्टं तु स्तोत्रं कर्णे महामनाः।
सम्भावितेन मनसा तेन तुष्टाव माधवम्।।२।।

श्री विष्णु भगवान्द्वारा उपदिष्ट गरिएको यस मृत्युञ्जय स्तोत्रबाट माधवलाई प्रसन्न गरायो भने यस स्तोत्रको पाठले स्वयं मार्कण्डेय महामुनि समेत अत्याधिक प्रसन्न हुनुभयो।

नारायणं सहस्राक्षं पद्मनाभं पुरातनम्।
प्रणतोऽस्मि हृषिकेषं किं मे मृत्युः करिष्यति।।३।।

नारायण, पद्मनाभ, हजार नेत्र भएका, पुराण पुरुषोत्तम हृषिकेशलाई मैले नमस्कार गर्दछु। त्यसैलेमलाई मृत्युले के गर्न सक्छ र?

गोविन्दं पुण्डरीकाक्ष-मनन्तमजमव्ययम्।
केशवं च प्रपन्नोऽस्मि किं मे मृत्युः करिष्यति।।४।।

गोविन्द, पुण्डरीकाक्ष, अनन्त, अज, अव्यय, केशव भगवान्मा समर्पित भएका मलाई मृत्युले के गर्न सक्छ र?।

वाराहं वामनं विष्णुं नारसिंहं जनार्दनम्।
माधवं च प्रपन्नोऽस्मि किंमे मृत्युः करिष्यति।।५।।

वाराह, वामन, विष्णु, नरसिंह, जर्नादन तथा माधवलाई म प्रणाम गर्दछु जसबाट मलाई मृत्युले के गर्न सक्छ र?।

पुरुषं पुष्करं पुण्यं क्षेत्रबीजं जगन्पतिम्।
लोकनाथं प्रपन्नोऽस्मि किं में मृत्युः करिष्यति।।६।।

म, पुरुष, पुष्कर, पुण्यरूप, बीजस्वरूप, जगत्पति, लोकनाथलाई, नमस्कार गर्दछु जसले गर्दा मलाई मृत्युले के गर्न सक्छ र?

भूतात्मानं महात्मानं जगद्योनिमयोनिजम्।
विश्वरूपं प्रपन्नोऽस्मि किंमे मृत्युः करिष्यति।।७।।

म, भूतात्मारूप, महात्मारूप, गजद्योनिस्वरूप, अयोजित, बिम्बरूप भगवान् लाई नमस्कार गर्दछु फेरि मृत्युले मलाई के गर्नसक्छ र?

सहस्रशिरसं देवं व्यक्ताऽव्यक्तं सनातनम्।
महायोगं प्रपन्नोऽस्मि किं में मृत्युः करिष्यति।।८।।

हजार शिर भएका, अव्यक्त, सनातन, महायोगरूप भगवान्लाई म नमस्कार गर्दैछु मलाई मृत्युले के गर्न सक्छ र?

इत्युदीरितमाकर्ण्य स्तोत्रं तस्य महात्मनः।
अपयातस्ततो मृत्युर्विष्णुदूतैश्च पीडितः।।९।।

यसप्रकार मार्कण्डेय मुनिले मृत्युञ्जय स्तोत्र सुनेपछि उनका अगाडि यमराजका

दूतहरु र विष्णुका दूतहरु पनि आउन सक्दैनन् र मृत्यु पनि हुन सक्दैन।

इति तेन जितो मृत्युमार्कण्डेयन धीमता।
प्रसन्ने पुण्डरीकाक्षे नृसिंहे नास्ति दुर्लभम्।।१०।।

मार्कण्डेय मुनि प्रसन्न भएर पुण्डरीकाक्ष भगवान्‌को यस स्तोत्र पाठ गरेपछि उनलाई चिरञ्जीवी हुन दुर्लभ भएन।

मार्कण्डेय-हितार्थाय स्वयं विष्णुरुवाच ह।।११।।

मार्कण्डेयको हितको लागि भगवान् .विष्णुले यस मृत्युञ्जय स्तोत्रका बारेमा पूर्णरूपले प्रकाश पारिदिनु भएको हो।

फलश्रुतिः

य इदं पठते भक्तया त्रिकालं नियतः शुचिः।
नाऽकाले तस्य मृत्युः स्यान्नरस्याऽच्युत-चेतसः।।१२।।

जुन प्राणीले नियमपूर्वक यस स्तोत्रलाई मन, बचन र कर्मले पवित्र भएर पाठ गर्दछ भने कालले पनि त्यस प्राणीलाई अकाल मृत्यु हुनबाट बचाउछ।

हृत्पद्ममध्ये पुरुषं पुराणं नारायणं शाश्वतमादिदेवम्।
संचिन्त्य सूर्यादपि राजमानं मृत्युं स योगी जितवास्तदैव।।१३।।

जुन योगीले, आफ्नो हृदयकमलमा पुराण पुरुषोत्तम, नारायण, शाश्वत, आदिदेव सूर्यभन्दा पनि बढ़ी तेजस्वी नारायणको ध्यान गर्दछ, भज्दछ र योगीले ध्यान गर्दछ भने त्यस्ता योगी भक्तले निश्चित रूपमा मृत्युलाई जित्न सक्छन्।

।। इति श्रीनृसिंहपुराणे मार्कण्डेकृतं मृत्युञ्जयस्तोत्रं समाप्तम्।।



अथ ध्यानम्

ॐ सूर्यपुत्रो दीर्घदेहि विशालाक्षः शिवप्रियः।
मन्दाचार प्रसन्नात्मा पीडां हरतु ते शनि।।

शनि गायत्री मन्त्र

ॐ सूर्यपुत्राय विद्महे मृत्युरुपाय धीमहि तन्नोः सौरिः प्रचोदयात्।

शनि मन्त्र

ॐ शन्नो देवीरभिष्टय आपो भवन्तु पीतये।
शंयोरभि स्त्रवन्तु नः ॐ शनैश्चराय नमः।।

दिव्यजल हामी सबैका लागि अभीष्ट फलादाय र तृप्तिदायक बनोस्। हाम्रा रोगहरु निर्मूल होउन्, अनिष्ट नाश हुन् तथा हाम्रा भोज्यपदार्थ अन्नादिहरु सधैं हामीलाई प्राप्त गराई दिने यस्ता शनिश्चर भगवान्लाई नमस्कार गर्दछु।

दान-शनि र शनिको दानगर्ने सामग्रीः

सामान्य पूजासामग्रीहरु, कालो कपड़ा, फलफूल, गहत, फलाम, कालो गाई, जुत्ता, कस्तुरी, सून, तिल, मास, तेल, दक्षिणा यथासक्दो।

शनिवारको व्रत, प्रारम्भ महिना

शनिवारको व्रत लिंदा श्रावण महिनाको तेस्रो शरिवारबाट व्रत आरम्भ गर्नुपर्छ। शनिवारको व्रत कम्तिमा ३३ वटा शनिवारको व्रत लिनुपर्छ। ३३ वटा शनिवार पुगेपछि भैरव मन्दिर वा पीपलको वृक्षमा पूजा गर्नुपर्छ। पूजाको लागि शनिदेवको मूर्ति राखेर पूजा गर्नुपर्छ। गाजललाई सरस्यूँको तेलमा घोलेर चामलका काला अक्षता बनाएर अष्टदल

कमल बनाएर शनिदेवको मूर्तिमा पूजा गर्नुपर्छ। पूजा समाप्त भएपछि शनिदेवलाई नमस्कार गरेर पीपलको वृक्षमा गएर अर्घ्य दिनुपर्छ। यस व्रतका दिनमा एक छाक मात्र भोजन गर्नुपर्छ। भोजनमा सरस्यूँको तेल वा तिलको तेल प्रयोग गरी भोजनगर्नु आवश्यक हुन्छ।

अथ दशरथकृत शनिस्तोत्रम्

अथ विनियोगः

ॐ यस्य श्रीशनिस्तोत्रमन्त्रस्य कश्यपऋषिस्त्रिष्टुपछन्दः, सौरिर्देवता, शं बीजम्, निःशक्ति, कृष्णवर्णेति कीलकम्, धर्मार्थ काम मोक्षात्मक चतुर्विध पुरुषार्थसिद्ध्यर्थे जपे विनियोगः।

दाहिने हातमा जल र थोरै मात्रामा चामल लिएर ॐ अस्य श्रीशनिस्तोत्रमन्त्रस्य बाट जपे विनियोगः सम्म पढेर जल चढाउने र फेरि न्यास गर्ने।

अथ करन्यासः

शनैश्चराय अंगुष्ठाभ्यां नमः मन्दगतये तर्जनीभ्यां नमः अधोक्षजाय मध्यमाभ्यां नमः कृष्णांगाय अनामिकाभ्यां नमः शुष्कोदराय कनिष्ठिकाभ्यां नमः छायात्मजाय करतल परपृष्ठाभ्यां नमः न्यास गर्दा जुनजुन अंगहरुको

नाम आएको छ तिनै तिनै अंगहरुमा हातले छुनुपर्छ।

अथ हृदयादि न्यासः

शनैश्चराय हृदयाय नमः। मन्द गतये शिरसे स्वाहा
अधोक्षजाय शिखायै वषट्, कृष्णागाय कवचाय हुम्।
शुष्कोदराय नेत्रत्रयाय वौषट्, छायात्मजाय अस्त्राय फट्, अस्त्राय फट्' भनेर बायाँ हात सिधा पारी ताली बजाएर फट् भन्ने शब्द उच्चारण गर्नुपर्छ।

अथ दिगबन्धनम्

ॐ भूर्भुवः स्वः भनी चारै दिशामा चुटकी बजाउनु पर्छ।

अथ ध्यानम्

नीलद्युति शूलधरं किरीटिनं गृध्रस्थितं त्रासकरं धनुर्धरम्।
चतुर्भुजं सूर्यसुतं प्रशान्तं वन्दे सदाभीष्टकरं वरेण्येम्।।

नीलम जस्तै कान्ति भएका, हातमा धनुष र शूल धारण गरेका, मुकुटधारी, गिद्ध माथि बसेका, शत्रुहरूलाई भयभीत गर्ने भएका, चार हात भएका, शान्तरूपमा वरदिने भएका, सदाभक्तहरुको हितचाहने सूर्यपुत्र यस्ता भगवान्लाई प्रणाम गर्दछु।

अथ कथा

रघुवंशेषु विख्यातो राजा दशरथः पुरा।
चक्रवर्ती स विज्ञेयः सप्तदीपाधिपोऽभवत्।।१।।
कृत्तिकान्ते शनिंज्ञात्वा दैवज्ञैर्ज्ञापितो हि सः।
रोहिणीं भेदयित्वातु शर्निस्यति साम्प्रतं।।२।।
शंकटं भेद्यमित्युक्तं सुराऽसुरभयङ्करम्।
द्वादशाब्दं तु दुर्भिक्षे भविष्यति सुदारुणम्।।३।।
एतच्छ्रुत्वा तु तद्वाक्यं मन्त्रिभिः सह पार्थिव।
व्याकुलं च जगद्दृष्टवा पौर-जानपदादिकम्।।४।।
ब्रुवन्ति सर्वलोकाश्च भयमेतत्समागतम्।
देशाश्च जगर ग्रामा भयभीतः समागताः।।५।।
प्रपच्छ प्रयतोराजा वसिष्ठ प्रमुखान् द्विजान्।
समाधानं किमत्राऽस्ति ब्रूहि में द्विजसत्तमः।।६।।

प्राचीन कालमा रघुवंशकूलमा दशरथ नाम गरेका एक चक्रवर्ती राजा थिए। जुन सातै दीपका स्वामी थिए। उनको राज्यकालमा एक दिन ज्योतिषीले शनिलाई कृत्रिका नक्षत्रको अन्तिम चरणमा देखेर राजाकहाँ गई यस शनिले रोहिणीको भेदन गर्नलाग्यो। यसलाई रोहिणीको शकट भेदन भन्दछन्। यस योग देवता तथा असुर दुवैको लागि भयदायक थियो। त्यसपछि १२ वर्षको दुःखदायी अकाल मृत्यु हुनेथियो। ज्योतिषीले भनेका यी कुराहरू मन्त्री मार्फत राजाले सुने, त्यसपछि नगरवासीहरुलाई आकुल व्याकुल भएको देखे। नगर र गाउँबासीहरूले यस विपत्तिबाट बचाउनको लागि राजासँग प्रार्थना गरे। यस्तो देखेर राजा दशरथ वशिष्ठ ऋषि तथा विद्वान् ब्राह्मणहरू हो! यस समस्या समाधानका लागि कुनै उपाय छ? यदि छ भने मलाई बताइदेऊ?॥१-६॥

प्रजापत्ये तु नक्षत्रे तस्मिन् भिन्नेकुतः प्रजाः।
अयं योगोह्यसाध्यश्च ब्रह्म-शक्रादिभिः सुरैः॥७॥

यस विषयमा वशिष्ठजीले भन्न लागे-प्रजापतिले यस रोहिणी नक्षत्रमा यदि शनि शंकटलाई कसरी भेदन गर्न सकिन्छ र प्रजाहरू कसरी खुसी रहनेछन्? यस योगको दुष्प्रभावलाई ब्रह्मा एवं इन्द्रादि देवताहरूले पनि रक्षागर्न सक्के छैनन्।

तदा सञ्चिन्त्य मनसा साहसं परमं ययौ।
समाधाय धनुर्दिव्य दिव्यायुधसमन्वितम्।।८।।
रथमारुह्य वेगेन गतो नक्षत्रमण्डलम्।
त्रिलक्षयोजनंस्थानं चन्द्रस्योपरिसंस्थिताम्।।९।।
रोहिणीपृष्ठमासाद्य स्थितो राजा महाबलः।
रथेतुकाञ्चने दिव्ये मणिरत्नविभूषिते।।१०।।
हंसवर्णहयैर्युक्ते महाकेतु समुच्छ्रिते।
दीप्यमानो महारत्नैः किरीटमुकुटोज्वलैः।।११।।
व्यराजत तदाकाशे द्वितीय इव भास्करः।
आकर्णचापमाकृष्य सहस्त्रं नियोजितम्।।१२।।
कृत्तिकान्तं शनिर्ज्ञात्वा प्रविशतांच रोहिणीम्।
दृष्टवा दशरथंचाग्रेतम्थौत भृकुटीमुखः।।१३।।
संहाररास्त्रं शनिर्दृष्टवा सुराऽसुरनिषूदनम्।
प्रहस्य चभयात् सौरिरिदं वचेनमब्रवीत्।।१४।।

विद्वान्‌हरुको यस्तो वचन सुनेर राजालाई यस्तो प्रतित भयो कि यदि मैले यस संकटलाई सुल्झाउन सकिन भने म कायर राजा हुनेछु भन्न लागे। त्यसैले राजाले विचार गरेर साहसका साथ आफ्नो दिव्य धनुष र आयुध लिएर रथलाई तीव्र गतिमा चलाएर चन्द्रमाभन्दा तीनलाख योजनमाथि नक्षत्र मण्डमा गए। सुन, मणि तथा रत्नहरुले निर्मित र सुशोभित यस रथलाई राजाले रोहिणी नक्षत्रको पछाडि आएर रोकी दिए। सेतो घोडाले युक्त र अग्लोअग्लो ध्वजाहरुले सुशोभित मुकुट जडित बहुमूल्य रत्नहरुले प्रकाशमान राजा दशरथ त्यससमय आकाशमा सूर्यभन्दा पनि चमकदार देखिए। शनि कृत्तिका नक्षत्रपछि रोहिणी नक्षत्रमा प्रवेश गर्न इच्छुक भएको देखेर राजा दशरथ वाणयुक्त धनुषलाई कानतिर खिचेर शनिको अगाडि उभिए। यस्तो शस्त्रअस्त्रले युक्त भएको राजालाई देखेपछि शनिदेव डराएर हाँस्दै राजासँग केही भन्नलागे॥८-१४॥

शनि उवाच

पौरुषं तव राजेन्द्र! मया दृष्टं न कस्यचित्।
देवासुरामनुष्याश्च सिद्ध-विद्याधरोरगाः॥१५॥
मयाविलोकिताः सर्वेभयं गच्छन्ति तत्क्षणात्।
तुष्टोऽहं तव राजेन्द्र! तपसापौरुषेण चः॥१६॥

वरं ब्रूहि प्रदास्यामि स्वेच्छया रघुनन्दनः।

शनिले भन्नुभयो हे राजेन्द्र! तिम्रो पुरषार्थलाई मैले कुनै बेला पनि देखेको थिइन किनकि देवता, असुर, मनुष्य, सिद्ध, विद्याधर र सर्प जातिका सबै प्राणीहरु मलाई देख्ने वित्तिकै भयभीत हुनेछन् हे राजेन्द्र! म तिम्रो तपस्या र पुरुषार्थबाट ज्यादै प्रसन्न भएँ। त्यसैले हे रघुनन्दन! तिमीलाई जे वर माग्ने इच्छा छ माग, म दिने छु भनेर शनिले भने॥१५-१६॥

दशरथ उवाच

प्रसन्नोयदि मे सौरे! एकश्चास्तु वरः परः।।१७।।
रोहिणीं भेदयित्वा तु न गन्तव्यं कदानच।
सरितः सागरा यवाद्यावच्चन्द्रार्कमेदिनी।।१८।।
याचितं तु महासौरे! नऽन्यमिच्छाम्यहं वरम्।
एवमस्तुशनिप्रोक्तं वरंलब्ध्वा तु शाश्वतम्।।१९।।
प्राप्यैवं तु वरं राजा कृतकृत्योऽभवत्तदा।
पुनरेवाऽब्रवीत्तुष्टो वरं वरम सुव्रत!।।२०।।

हे सूर्यपुत्र शनिदेव! यदि तपाईं मप्रति प्रसन्न हुनुहुन्छ, भने म एउटा वर माग्नेछु त्यस वरलाई नदि, सागर, चन्द्रमा, सूर्य र पृथ्वी यस संसारमा भइन्जेल तपाईंले रोहिणीको शंकटका भेदन कदापि नगर्नुहोस्। म केवल यही वर मागिरहेको छु अरू मेरो कुनै इच्छा छैन। तब शनिले तथास्तु भनी वर दिए। यसप्रकार शनिबाट वर प्राप्त गरेपछि राजाले आफूलाई धन्य संझिए। फेरि शनिले भने म तिमीसँग सधैं प्रसन्न हुनेछु र तिमीले अरू पनि बर माग भन्न लागे॥१७-२०॥

प्रार्थयामास हृष्टात्मा वरमन्यं शनिं तदा।
नभेत्तव्यं न भेत्तव्यं त्वयां भास्करनन्दन।।२१।।
द्वादशाब्दं तु दुर्भिक्षं न कर्तव्यं कदाचन।
कीर्तिरषामदीया च त्रैलोक्ये तु भविष्यति।।२२।।
एवं वरं तु सम्प्राप्य हृष्टरोमा स पार्थिवः।
रथोपरिधनुः स्थाप्यभूत्वा चैव कृताञ्जलिः।।२३।।
ध्यात्वा सरस्वतीं देवीं गणनाथं विनायकम्।
राजा दशरथः स्तोत्रं सौरेरिदमथाऽकरोत्।।२४।।

तब राजा प्रसन्न भएर अर्को वर मागे। फेरि शनिले भने हे सूर्यवंशीका पुत्र तिमी

निर्भय हुनेछौ, १२ वर्षसम्म तिम्रो राज्यमा अकाल मृत्यु कसैको हुनेछैन। तिम्रो यश कीर्ति तीनै लोकमा फैलिनेछ। राजाले यस्तो वर पाएर खुसी भएर धनुषवाणका साथ रथमा चढेर हात जोडी सरस्वती देवी तथा गणेशजीको ध्यान गर्दै शनिको स्तुति गर्नलागे॥२१-२४॥

दशरथकृत शनि स्तोत्र

(दशरथले शनिसित गरेको स्तुति)

नमः कृष्णाय नीलाय शितिकण्ठनिभाय च।
नमः कालाग्निरुपाय कृतान्ताय च वै नमः॥२५॥

जसको शरीर कृष्ण वर्ण र भगवान् शङ्करको जस्तै छ, त्यस्ता शनिदेवलाई नमस्कार गर्दछु। यस जगत्को लागि कालाग्नि एवं कृतान्त रूप छ, उनै शनैश्चरलाई बारंबार नमस्कार छ॥२५॥

नमो निर्मांसदेहाय दीर्घश्मश्रुजटाय च।
नमो विशालनेत्राय शुष्कोदरभयाकृते॥२६॥

जसको शरीर मांशहीन जस्तै कंकाल छ, जसको दाडी घुम्रिएको जटाजस्तै छ

त्यस्ता शनिदेवलाई नमस्कार छ। जसका ठूलाठूला आँखा, पीठ, पेट भयानक आकारको छ, उनै शनिश्चर देवलाई नमस्कार गर्दछु।।२६।।

नमः पुष्कलगात्राय स्थूलरोम्णेऽथ वै नमः।
नमो दीर्घाय शुष्काय कालदंष्ट नमोऽस्तुते।।२७।।

जसको शरीरको स्वरूप ठूलो छ, रौंहरू मोटाछन्, जसको लामो र चौड़ा सुखा शरीर छ तथा जसका दाडी कालरूप छन् उनै शनिदेवलाई नमस्कार गर्दछु।।२७।।

नमस्ते कोटराक्षय दुर्निरीक्ष्याय वै नमः।
नमो घोराय रौद्राय भीषणाय कपालिने।।२८।।

हे शनिदेव! हजुरका आँखा कोटर समान गहिरा छन्, हजुरलाई देख्न कठिन छ, हजुर घोर रौद्र, भीषण र विकराल हुनुहुन्छ, यस्या हजुरलाई नमस्कार छ।।२८।।

नमस्ते सर्वभक्षाय बलीमुख नमोऽस्तुते।
सूर्यपुत्र नमस्तेऽस्तु संवर्तक नमोऽस्तुते।।२९।।

बलीमुख! तपाईं सबैतत्व भक्षण गर्नुहुन्छ, तपाईंलाई नमस्कार छ, सूर्यनन्दन! भास्करपुत्र! अभय दिने देवता यस्ता तपाईंलाई प्रणाम गर्दछु।।२९।।

अधोदृष्टे नमस्तेऽस्तु संवर्तक नमोऽस्तुते।
नमो मन्दगते तुभ्यं निस्त्रिंशाय नमोऽस्तुते।।३०।।

नीचो दृष्टि राख्ने शनिदेव! हजुरलाई नमस्कार छ। संवर्तक! हजुरलाई प्रणाम छ, मन्दगतिमा चाल चल्ने शनिश्चर! हजुरको प्रतीक तरवार समान छ, यस्ता हजुरलाई पुनःपुनः प्रणाम गर्दछु।।३०।।

तपसा दग्ध देहाय नित्यं योगरताय च।
नमो नित्यं क्षुधार्ताय अतृप्ताय च वै नमः।।३१।।

आफ्नो तपस्याका लागि आफ्नै देह दग्ध गर्ने, हजुर नै सदा योगाभ्यासमा तत्पर, भोकमा आतुर तथा अतृप्त रहने यस्ता शनिदेवलाई सर्वथा नमस्कार छ।।३१।।

ज्ञानचक्षुर्नमस्तेऽस्तु काश्यपात्मजसूनवे।
तुष्टो ददासि वै राज्यं रुष्टाहरसि तत्क्षणात्।।३२।।

ज्ञाननेत्र हजुको प्रगाण हो। काश्यपनन्दन सूर्यपुत्र शनिदेव हजुरलाई मेरो नमस्कार छ। हजुर खुसी हुनुभयो भने राज्य दिनु हुन्छ भने रुष्ट हुनुभयो भने त्यसलाई हरण गर्नुहुन्छ।।३२।।

देवासुरमनुष्याश्च सिद्धविद्याधरोरगाः।
तव्या विलोकिता सर्वे नाशं यान्ति समूलतः।।३।।

देवता, असुर, मनुष्य, सिद्ध, विद्याधर र नाग यी सबैमा हजुरको दृष्टि पऱ्यो भने सबै नष्ट हुनसक्छन्।।३३।।

प्रसादं कुरु सौरे! वरदी भव भास्करे।।३४।।

हे देव! मप्रति प्रसन्न हुनुहोस्। म वर पाउन योग्य छु र हजुरको शरणमा आएको छु।।३४।।

एवं स्तुतस्तदा सौरिर्ग्रहराजो महाबलः।
अब्रवीच्च शनिर्वाक्यं हृष्टरोमा च पार्थिवः।।३५।।
तुष्टोऽहं तव राजेन्द्र! स्तोत्रेणाऽनेन सुव्रत।
एवं वरं प्रदास्यामि यत्ते मनसि वर्तते।।३६।।

राजा दशरथले बेसरी प्रार्थना गरेपछि, ग्रहहरुका राजा महाबलवान सूर्यपुत्र शनिश्चरले भने श्रेष्ठ व्रतपालक राजा दशरथ! तिम्रो यस स्तुतिदेखि म अत्यन्त सन्तुष्ट भएँ। हे रघुनन्दन! तिमीले आफ्नो इच्छाअनुसार वर माग, म तिमीलाई अवश्य दिनेछु।।३५-३६।।

दशरथ उवाच

प्रसन्नो यदि मे सौरे! वरं देहि ममेप्सितम्।
अद्य प्रभृतिपिंगाक्ष! पीडा देया न कस्यचित्।।३७।।
प्रसादं कुरु मे सौरे! वरोऽयं मे महेप्सितः।

राजा दशरथ भन्नुहुन्छ-आजबाट हजुर देवता, असुर, मनुष्य, पशु, पंक्षी र नागजस्ता कुनै पनि प्राणीहरुलाई कुनै दुःखकष्ट नदिनुहोस्। यही मेरो सबैभन्दा प्रिय वर हो।।३७।।

शनि उवाच

अदेयस्तु वरौस्माकं तुष्टोऽहं च ददामि ते।।३८।।
त्वयाप्रोक्तं च मे स्तोत्रं ये पठिष्यन्ति मानवाः।
देवऽसुर मनुष्याश्च सिद्ध विद्याधरोरगा।।३९।।
न तेषा बाधते पीडा मत्कृता वै कदाचन।
मृत्युस्थाने चतुर्थे वा जन्म-व्यय-द्वितीयगे।।४०।।
गोचरे जन्मकाले वा दशास्वन्तर्दशासु च।
यः पठेद्द्वि-त्रिसन्ध्यं वा शुचिर्भूत्वा समाहिताः।।४१।।

न तस्य जायते पीडा कृतां वै ममनिश्चितम्।

शनि भन्नुहुन्छ- हे राजन! मैले यस्तो वर कसैको लागि दिएको छैन जुन वर मैले दिए म सन्तुष्ट भएको कारणले दिएको हुँ। तिमीद्वारा वाचन गरिएको यस स्तोत्रलाई जुन मनुष्य, देवता, असुर, सिद्ध तथा विद्वानहरुले पढ्नेछन् भने उनीहरुलाई शनिद्वारा बाधा पर्नेछैन। जसको गोचरमा महादशा वा अन्तर्दशामा वा लग्नस्थानमा, द्वितीयमा, चतुर्थमा, अष्टममा वा द्वादश स्थानमा शनि बसेको छ भने त्यस्ता व्यक्तिले आफू पवित्र भएर प्रातः मध्याह्न तथा साँझपख यस स्तोत्रलाई विशेष ध्यान दिएर पढ्छ भने निश्चित रूपमा तिनीहरुलाई मबाट दुःख हुने छैन॥३८-४१॥

प्रतिमां लोहजां कृत्वा मम राजन् चतुर्भुजाम।४२।।
वरदां च धनुःशूल-बाणाङ्कितकरां शुभाम्।
आयुतमेकजप्यं च तद्दशांशेन होमतः।।४३।।
कृष्णैस्तिलैः शमीपत्रैर्घृत्वाक्तै र्नीलपङ्कजैः।
पायसंशर्करायुक्तं घृतमिश्रं च होमयेत्।।४४।।

ब्राह्मणा-भोजयेत्तत्र स्वशक्त्या घृत-पायसैः।
तैलं वा तैलराशौ वा प्रत्यक्ष वा यथाविधिः।।४५।।

हे राजन! जसले मेरो प्रार्थना गरी मलाई प्राप्त गर्न चाहन्छ भने त्यसले मेरो फलामको मूर्ति बनाओस्, जसमा चार हात हुन् र त्यसमा धनुष, भाला, र बाण धारण गरेको होस्। यसपछि दशहजार संख्यामा यस स्तोत्रलाई जप गरोस्, जप गरिसकेपछि दशांश हवन गरोस्, हवनमा कालो तिल, शमीको पात, घीउ, नीलो कमल, खीर, चीनी मिलाएर बनाएको होम गरोस्। त्यसपछि दूध र घीउ मिलाएर बनाएको भोजन ब्राह्मणहरुलाई भोजन गराउनुपर्छ। यसपछि शनिको प्रतिमालाई तिलको तेल वा तिलमा विधिपूर्वक।।४२-४५।।

पूजनं चैव मन्त्रेण कुङ्कुमाद्यं च लेपयेत्।
नील्या वा कृष्णतुलसी शमीपत्रादिभिः शुभै।।४६।।
दद्यान्मे प्रीयते यस्तु कृष्णवस्त्रादिकं शुभम्।
धेनुवां वृषभं चापि सवत्सां च पयस्विनीम्।।४७।।
एवं विशेषपूजां च मद्वारे कुरुते नृप।
मन्त्रोद्धारविशेषेण स्तोत्रेणऽनेन पूजयेत्।।४८।।

पूजयित्वा जपेत्स्तोत्रं भूत्वा चैव कृताञ्जलीः।
तस्य पीडां न चैवऽहं करिष्यामी कदाचन।।४९।।
रक्षामि सततं तस्य पीडां चान्यग्रहस्य च।
अनेनैव प्रकारेण पीडामुक्तं जगद्भवेत्।।५०।।

मन्त्रद्वारा पूजन गराउनु पर्छ। कुंकुम आदि चढाउनु पर्छ। नीलो र कालो तुलसी, शमीको पात मलाई प्रसन्न गराउनका लागि चढाउनु पर्छ। कालो रंगको वस्त्र, बैल, दूध दिने बाच्छासहितको गाई दान गर्नुपर्छ। हे राजन! जसले मन्त्रपूर्वक यस स्तोत्रले मेरो पूजा र जोडेर पाठ गर्दछ भने मैले त्यसलाई कुनै प्रकारको दुःख दिने छैन। यहाँ सम्मकि मैले अन्य ग्रहले दुःख दिएको भए पनि उनीहरुको रक्षा गर्नेछु। यसरी अनेक तरहले मैले यस जगतको पीडाबाट मुक्त गराउने छु।।४६-५०।।

वरद्वयं तु सम्प्राप्य राजा दशरथस्तदा।
मत्वा कृतार्थमात्समानं नकस्कृत्य शनैश्चरं।।५१।।
शनैश्चराभ्यनुज्ञातो रथमारुह्य वीर्यवान्।
स्वस्थानं च गतो राजा प्राप्तकामोऽभवत्तदा।।५२।।

सर्वासिद्धिमवाप्याथ विजयी सर्वदाऽभवत्।
कोणस्थः पिङ्गलोबभ्रु कृष्णो रौद्रान्तको यमः।।५३।।
सौरिः शनैश्चरो मन्दः पिप्लाश्रय संस्थितः।
एतानि शनिनामानि जपेदस्वत्थ सन्निधौ।।५४।।
शनैश्चरकृता पीडा न कदाचित् भविष्यति।

यसप्रकार शनिबाट दुईवटा वर प्राप्त गरेपछि आफूलाई धन्य संझेर राजा दशरथ शनिदेवलाई प्रणाम गर्दै उनैको अनुमति लिएर रथमाथि चढेर आफ्नो राज्यमा फिर्ता भए। उनको सबै मनोकामना पनि पूर्ण भएर गयो। उनले सबै प्रकारको सिद्धिहरु प्राप्त गरे। सबै ठाउँमा विजयश्री प्राप्त गर्नेभए। जुन व्यक्तिले शनि देवताका लागि यी दश नाम कोणस्थ, पिंगल, बभ्रु, कृष्ण, रौद्रान्तक, यम, सौरि, शनैश्चर, मन्द र पिप्पलाश्रय संझेर पीपलको वृक्ष मूनी बसेर यसलाई पाठ गर्दछ भने त्यस व्यक्तिलाई शनिदेवले कदापी दुःखकष्ट दिने छैनन्।।५१-५४।।

अल्पमृत्यु विनाशाय दुःखस्योद्धारणाय च।।५५।।

स्नानव्यं तिलतैलेन धान्य-माषादिकं तथा।
लौहं देयं च विप्राय सुवर्णेन समन्तिम्।।५६।।
शनिस्तोत्रं पठेद्यस्तु शृणुयाद्वा समाहितः।
विजयं चार्थ कामौ च सुखमारोग्यमाप्नुयात्।।५७।।

अकाल मृत्युबाट जोगाउन र कष्टहरुबाट उद्धार हुनका लागि तिलको तेलले स्नान गर्नुपर्छ। अन्न, फलाम र सुवर्णादि वस्तुको दान गर्नुपर्छ। यस शनि स्तोत्रलाई स्वयं आफैले पाठ गर्ने वा अरूबाट वा ब्राह्मणहरुबाट पाठ गर्न लागएर सुन्ने गर्दछ भने धन, काम, सुख तथा आरोग्य प्राप्त हुन्छ।

।।इति श्री दशरथकृत शनिस्तोत्रम् सम्पूर्णम् ।।

शनिदेवको आरती

जय शनि देव दीन दयाला, जयजयजय प्रभु दीन दयाला।।
प्रेम युत तव करउँ आरती, सजा प्रेम के थाल।।

सकल मम अपराध प्रभु छमि, होउ वेंगि दयाल।।
जय शनिदेव दीन दयाला।।१।।
वेद विदित अपास महिमा, रूप परम विशाल।
करत पल विच शत्रुनाशन, भक्त जन प्रति पाल।।
जय शनिदेव दीन दयाला।।२।।
अति प्रचण्ड प्रकोप तेरो, होते है जेहि काल।
लोप करत न देर लागत, कोष से धन माल।।
जय शनिदेव दीन दयाला।।३।।
प्रेम करि जो तुमहि विनवत, निशि दिवस प्रतिकाल।
घारि तेहिं गृह चरण कंचन, करहिं तोहि निहाल।।
जय शनिदेव दीन दयाला।।४।।
करि कपट छल जो भुलावत, करत नेक न ख्याल।
नष्ट बुद्धि बल करत ताकहं, हरत बस्तर घाल।
जय शनिदेव दीन दयाला।।५।।

भक्ति युक्त जो तुमहिं, पूजन करत सुन्दर लाल।
सकल सुख सम्पति तिनहि, प्रभु देव भरि तत्काल।।
जय शनि देव दीन दयाला।
जयजयजय प्रभु दीन दयाला।।६।।

।।इति शनिदेवको आरती।।

शनि चालीसा

शनि चालीसा प्रतिदिन पाठ गर्नाले शनिको अनिष्ट दशा शान्त हुन्छ र शनिदेव सदा प्रसन्न हुनुहुन्छ।

दोहा

श्री शनिश्च देव जी, सुनुहु श्रवण मम टेर।
कोटि विघ्ननाशक प्रभो, करो न मम हित बेर।।

सोरठा

तवस्तुति हे नाथ! जोरि जुगल करत हौं।
करिए मोहिं सनाथ, विघ्न हरन है रविसुतन।।

चौपाई

शनिदेव मैं सुमिरौं तोही। विद्या बुद्धि ज्ञान दो मोही।।
तुम्हरे नाम अनेक बखानौ। क्षुद्रबुद्धि मैं जो कुछ जानौ।
अन्तक, कोव, रौद्रय मंगाऊं। कृष्ण वभ्रु शनि सबहि सुनाऊ।।
पिंगल मन्द सौरि सुख दाता। हित अनहित सब जग के ज्ञाता।
नित्य जपै जो नाम तुम्हारा। करहु व्याधि दुःख से निस्तारा।।
राशि विषमवस्स असुरन सुरनर। पन्नग शेष सहित विद्याधर।।
राजा रंक रहंहि जो नीको। पशु पक्षी वनचर सबही को।।
कानन किला शिविर सेनाकर। नाश करत सब ग्राम नगर भर।।
डालत विघ्न सवहि के सुख में। व्याकुल होहिं पडे सब दुःख में।।

नाथ विनय तुमसे यह मेरी। करिय न मोहि पर दया घनेरी।।
ममहित विषम राशि महं बासा। करिय न नाथ यही मन आशा।।
जो गुड उडद दे वार शनीचर। तिल जब लोह अन्नधन बस्तर।।
दान दिए से होय सुखारी। सोई शनि सुन यही विनय हमारी।।
नाथ दया तुम मोपर कीजै। कोटिक विघ्न क्षणिक मंह छीजै।
वंदत नाथ जगल कर जोरी। सुनहु दयाकर विनती मोरी।।
कबहुंक तीरथ राज प्रयागा। सरयू तोर सहित अनुरागा।।
कबहु सरस्वति शुद्ध नर महं। या कहुं गिरी खोह कंदर महं।
ध्यान धरत हैं जो जोगी जन। ताहि ध्यान महं सूक्ष्म होहिं शनि।।
है अगम्य क्या करुं बडाई। करत प्रणाम चरण शिर नाई।।
जो विदेश से बार शनिश्चर। मुडकर आवेगा निज घर पर।।
रहे सुखी शनिदेव दुहाई। रक्षा रवि सुत रखै बनाई।।
जो विदेश जावें शनिवारा। गृह आवै नाहि सहै दुखारा।।

संकट देय शनिश्चर ताही। जेते सुखी होई मन माही।।
सोई रवि नन्दन कर जोरी। वन्दन करत मूढ मति थोरी।।
ब्रह्म जगत वनावन हारा। विष्णु सबहिं नितदेव आहारा।।
है त्रिशूलधारी त्रिपुरारी। विभु देव मूरति एक वारी।।
इक होई धरण करत शनिनित। वंदतसोई शनि को दमन चित।।
जो नर पाठ करै मन चित से। सौ नर छूटै व्यथा अमित से।।
हौं सुपुत्र धन सन्तति बाढे। कलि काल कर जोडे ठाढें।।
पशु कुटुम्ब बांधन आदि से। भरी भवन रहिहैं नित सबसे।।
नाना भांति भोग सुख सारा। अन्त समय तजकर संसारा।।
पावै मुक्ति अगर पद भाई। जो नित शनि सम ध्यान लगाई।।
प्रातः पढै जो नाम शनि दस। रहै शनिश्चर नित उसके बस।
पीडा शनि की कबहुँ न होई। नित उठ ध्यान धरै जो कोई।।
जो यह पाठ करै चालीसा। होइ सुख साखी जगदीशा।।
चालिस दिन नित पढै सबेरे। पातक नाशै शनि घनेरे।।

रविनन्दन की अस प्रभुताई। जगत मोहतम नाशै भाई।।
याकौ पाठ करे जो कोई। सुख सम्पति की कमी न होई।।
निशि दिन ध्यान धरै मनमाही। अघि व्याधि ढिंग आवै नाहीं।।

पाठ शनीचर देव को की हों विमल तैयार।
करत पाठ चालीस दिन, हो भवसागर पार।।
जो स्तुति दशरथ जी कियो, सम्मुख शनि निहार।
सरस सुभाषा मैं वही, ललिता लिखैं सुधार।।

।। ॐ शनिश्चराय नमः ।।

।।थप अन्य जानकारीमूलक मन्त्रहरू।।

गणेशजीलाई पूजा गर्ने मन्त्र

ॐ वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ।
अविध्नं कुरू मे देव सर्वकार्येषु सर्वदा।।

(टेढो मुहार भएका, स्थूल शरीर भएका, करोड सूर्यको समान तेज भएका हे गणनाथ! मेरा कार्यहरुमा सदा बाधा अड्चन नराख्नुहोला।)

दियोलाई पूजा गर्ने मन्त्र

ॐ शुभं भवतु कल्याणं आरोग्य सुखसम्पदम्।
मम शत्रुविनासाय दीपज्योतिर्नमोऽस्तु ते।।

(मंगल कल्याण, आरोग्य तथा सुखसम्पत्ति होस्, मेरा शत्रु (काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य) हरू को नाशहेतु ज्योतिस्वरूप दीपनारायणलाई नमस्कार गर्दछु।)

साँझमा दियो बाल्दा भन्ने मन्त्र

दीपो ज्योतिः परं ब्रह्म दीपो ज्योतिर्जनार्दनः।
दीपो हरतु मे पापं सन्ध्यादीप नमोऽस्तु ते।।

कलश पूजा गर्ने मन्त्र

ॐ सिन्दुतीर्थजलैः पूर्ण देवानां सकलांशकम्।
सम्पूर्ण कलशं दिव्यं सगणं नौमि भक्तितः।।

अर्थात् समुद्र र तीर्थका जलले परिपूर्ण, देवगणका, कलांशले युक्त गणहरुले सहित भएको पूर्ण कलशलाई भक्तिका साथ वन्दना (नमस्कार) गर्दछु।

ब्राह्मणलाई वरणगर्ने मन्त्र

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः।।

यजमानलाई टीका लागइदिने मन्त्रः—

शतमानं भवति शतायुर्वै पुरुषः।
शतेन्द्रिय आयरेवेन्द्रियं वीर्यमात्मन् धत्ते।।

स्वस्तिवाचन गर्ने मन्त्र

आनो भद्राः क्रतवो यन्तु विश्वतो दब्धासोऽ अपरीता सऽ उद्भिदः। देवानो यथा सदमिद्वृधेऽ असन्नप्रायुवो रक्षितारो दिवे दिवे।।१।। (**चारैतिरबाट हामीहरूलाई अहिंसित अनाक्रान्त शुभभेदक र कल्याणकारी यज्ञ प्राप्तहोस् तथा देवता सधैं हाम्रो अभिवृद्धिमा तल्लीन रहून् र प्रतिदन उनीहरू प्रमाद रहित भावबाट हाम्रा रक्षक बनून्।**) देवानां भद्रा सुमतिर्ऋजूयतां देवानां ँरातिरभिनो निवर्तताम्। देवाना ँसख्यमुपसेदिमा वयं देवा नऽ आयुः प्रतिरन्तु जीवसे।।२।। (**देवताहरू वा कल्याणी सुमति हाम्रा प्रति अरु पनि प्रसन्न हुन्। देवताहरूका दान हामीहरूलाई सदा प्राप्त हुन्। हामीहरूलाई देवताहरूका सख्य भावहरूलाई सदा नै प्राप्त गर्दै रहुँ र देवता हामीहरूलाई लामो जीवनको लागि हाम्रो आयुलाई अझै वृद्धि गरुन्।**) तान्पूर्वया निविदा हूमहे वयं भगं मित्रमदितिं

दक्षमस्त्रिधम्। अर्षमणं वरुण ङ्सोममश्विना सरस्वती नः सुभगा मयस्करत्।।३।। (पूर्वकालीन स्तुतिद्वारा हामीहरू उनै भग मित्र अदिति वा अहिंसक दक्षलाई आह्वान गर्दछौं। साथै आर्यमा, वरूण, सोम र अश्विनी कुमारलाई पनि आह्वान गर्दछौं। तथा सुभगता सरस्वतीले पनि हाम्रो कल्याण गरुन्।) ८५
तन्नो वातो मयोभुवातु भेषजं तन्माता पृथिवी तत्पिता द्यौः। तद्ग्रावाणः सोमसुतो मयोभुवस्तदश्विना शृणुतं धिष्ण्याषुवम्।।४।। (वायु हामीलाई हितकारी सुख प्रदान गरुन्। त्यही नै सुख माता, पृथ्वी र पिता द्युलोक पनि सोमाभिषावक सुखकारी पृथ्वी तथा ढुङ्गा पनि हामीलाई कल्याणकारी सुख प्रदान गरुन्। हे अश्विनौ! तपाई दुई नै स्वबुद्धिबाट हामीलाई त्यही सुख शान्ति प्रदान गर्नुहोस्।) तमीशानं जगतस्तस्थुयस्पतिं धियं जिन्वमवसे हूमहे वयम्। पूषा नो षवा वेदसामसद्वृधे रक्षिता पायुरदब्धः स्वस्तये।।५।। (चराचरका स्वामी बुद्धिका प्रेरक र सर्वैज्ञ वर्यवान् उनै परमात्मालाई नै हामी आह्वान गर्दछौं। पूषा हाम्रो धनको वृद्धि गरुन्। उनी रक्षक, पालक र अनुपहिंसित पूषा हाम्रो कल्याण गरुन्।) स्वस्ति नऽ इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः। स्वस्ति नस्तार्क्ष्योऽ अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु।।६।। (देवराज इन्द्रले हाम्रो कल्याण गरुन्। धन तथा ज्ञानका स्वामी पूषाले हाम्रो कल्याण गरुन्। अरिष्टलाई मेटाउने गरूडदेवले हाम्रो कल्याण गरुन् र देवगुरू बृहस्पतिले पनि हाम्रो कल्याण गरुन्।) पृषदश्वा मरुतः पृश्निमातरः शुभं षावानो विदथेषु जग्मयः। अग्निजिह्वा मनवःसूरचक्षसो विश्वे नो देवाऽ अवसा गमन्निह।।७।। (विचित्र वर्ण भएका पृषती नामक अश्वहरू शुभ गतिले चल्ने भएका, युद्धमा जाने र अग्नि नै जसका जिह्वा छन् यस्ता विचारवान् तथा सूर्यको समान प्रकाश भएका मरूत र विश्वेदेवा आफ्नो रक्षाको साथ यहाँ हाम्रो यज्ञमा

आऊन्।) भद्रङ्कर्णेभिः श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः। स्थिरैरङ्गैस्तुष्टुवा सयस्तनूभिर्व्यसेमहि देवहितं षदायुः॥८॥ (**हे सर्वज्ञ देवहरू कानद्वारा हामी कल्याणकारी शब्द सुनौं, आँखाद्वारा कल्याणकारी दृश्य हेरौं, स्थिर अंगद्वारा तपाईहरुको स्तुति गर्दै त्यो आयुलाई प्राप्त गरौं जो तपाई देवताहरूद्वारा प्राप्त भएको छ।**) शतमिन्नु शरदोअन्ति देवा षात्रा नश्चक्रा जसरं तनूनाम्। पुत्रासो षत्र पितरो भवन्ति मा नो मध्या रीरिषतायुर्गन्तोः॥९॥ (**हे देवहरू हो! यी सय शरद्काल (वर्ष) जब व्यतीत हुन्छन् तब तपाईहरुले हाम्रा शरीरका अंगहरूलाई जरा अवस्थामा निर्धारित गरिदिनुहुन्छ। यसै अवधिसम्म पुत्र पिता बन्दछ। हे देवहरु हो! जीवनयात्रीका आयुलाई बीचमा नष्ट नगरिदिनुहोस्।**) अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः। विश्वेदेवाऽ अदितिः पञ्चजनाऽ अदितिर्जातमदिति र्जनित्वम्॥१०॥ (**अदिति नै स्वर्ग हुन् अदिति नै अन्तरिक्ष हुन्, अदिति नै माता हुन्। अदिति विश्वदेवा हुन् तथा पुत्र पनि हुन्। अदिति पञ्चमानव हुन् किम्व हुन्। उत्पन्न भएका सबै अदिति नै हुन् र अदिति नै प्रजनन् शक्ति हुन्।**) द्यौः शान्तिरन्तरिक्ष ँशान्तिः पृथिवीशान्तिरापः शान्तिरोषधयः शान्तिः वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्व ँशान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि॥११॥ (**जुन शान्ति आकाशमा छ, अन्तरिक्षमा छ, पृथ्वीमा छ, जलमा छ, औषधीमा छ, वनस्पतिमा छ, विश्वेदेवामा छ, शब्दब्रह्ममा छ तथा सबैमा जुन शान्ति छ त्यस्तो सम्पूर्ण शान्ति हामीलाई दिनुहोस्।**) यतो यतः समीहसे ततो नोऽ अभयं कुरु। शं नः कुरु प्रजाभ्योभयन्नः पशुभ्यः॥१२॥ (**हे भगवान्! जुनजुनलाई तपाई उचित सम्झनुहुन्छ, त्यसत्यसबाट हामीलाई निर्भय गर्नुहोस्। हाम्रा सन्तानहरूलाई तपाई सुख दिनुहोस् र हाम्रा पशुहरु लाई अभय प्रदान गर्नुहोस्।**)

सुशान्तिर्भवतु।। (यसैमा हामी शान्ति चाहन्छौं।)

राशिअनुसार का मन्त्र हरू:—

राशि	मन्त्र	इष्टदेवता
मेष:	ॐ लक्ष्मीनारायणाय नम:	श्री लक्ष्मीनारायण
वृष:	ॐ ह्रीं विश्ववरुपाय नम:	श्री विराट स्वरूप
मिथुन:	ॐ ह्रीं क्रीं: केशवाय नम:	श्रीशङ्खचक्रधारी विष्णु
कर्कट:	ॐ ह्रीं सन्याय हिरण्यरुपाय नम:	ब्रह्मा, विष्णु महेश
सिंह:	ॐ बालमुकुन्दाय नम:	दही खान गालेका कृष्ण
कन्या:	ॐ ह्रीं परमात्मने नम:	श्री पीताम्बरधारी विष्णु
तुला:	ॐ श्रीं रामचन्द्राय नम:	मर्यादा पुरुषोत्तम श्रीराम
वृश्चिक:	ॐ क्रीं जानकीरामाय नम:	गजेन्द्र उद्धारक श्रीहरिविष्णु
धनु:	ॐ क्रीं भवगते नम:	शेषशायी श्री विष्णु
मकर:	ॐ श्रीवत्साय उपेन्द्राय नम:	बटुवामन श्री त्रिविक्रम
कुम्भ:	ॐ श्री गोपालगोविन्दाय नम:	गाईसहित श्रीवेणुगोपाल
मीन:	श्री ह्रीं श्रीं क्रीं रथाङ्ग चक्राय नम:	ओखलमा बाँधेका श्रीकृष्ण

प्रदक्षिणा गर्ने मन्त्र

यानिकानि च पापानी जन्मान्तर कृतानि च।
तानि तानि प्रयच्छन्तु प्रदक्षिणा पदेपदे।।

जन्मजन्मान्तरमा गरिएका जुनसुकै पापहरु भए पनि, तिनैतिनै सब पापहरु प्रदक्षिणाको पाउ-पाउमा नासिऊन।

बगलामुखी गायत्री मन्त्र

ॐ वगलामुख्यै च विद्महे स्तभ्मिन्यै च धीमहि तन्नो देवी प्रचोदयात्।

हनुमान गायत्री मन्त्र

ॐ अञ्जनीजाय विद्महे वायुपुत्राय धीमहि तन्नो हनुमान् प्रचोदयात्।

राहु गायत्री मन्त्र

ॐ शिरोरूपाय विद्महे अमृतेशाय धीमहि तन्नो राहुः प्रचोदयात्।

केतुगायत्री मन्त्र

ॐ पद्म पुत्राय विद्महे अमृतेशाय धीमहि तन्नो केतुः प्रचोदयात्।
ॐ शिरोरूपाय विद्महे अमृतेशाय धीमहि तन्नो राहुः प्रचोदयात्।

शनिगायत्री मन्त्र

ॐ सूर्यपुत्राय विद्महे मृत्युरूपाय धीमहि तन्नोः सौरिः प्रचोदयात्।

गायत्री मन्त्र–

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरण्यं भर्गोदेवस्य धीमहिधियो योनः प्रचोदयात्।

ॐ भुर्भूव स्व तत्–पृथ्वी, अन्तरिक्ष र स्वर्ग (ब्रह्मस्वरूप) **सवितु**-प्रकाश **वरेणिय**-वरदिन योग्य भएका, **भर्गो**-तेजिलो स्वरूप भएका **देवस्य**-तेस्ता देवताको, **धीमही**-ध्यान गर्दछु, **धियो**-बुद्धि वृत्तिलाई, **यो**-तेजिलो रुपले **न**-हामीहरुको बुद्धि वृत्तिले **प्रचोदयात्**-ब्रह्मलाई जान्न सक्ने हुनपाउँ।

प्रातः स्तुति मन्त्र

गणेशस्तुतिः

प्रातः स्मरामि गणनाथमनाथबन्धुं,
सिन्दुरपूरपरिशोभितगण्डयुग्मम्।
उद्दण्डविघ्नपरिखण्डनचण्डदण्डमा-
खण्डलादिसुरनायकवृन्दवन्द्यम्।

अनाथहरुका बन्धु, सिन्दूरले शोभायमान दुवै गण्डस्थल भएका, प्रबल विघ्न नास गर्नमा समर्थ एवं इन्द्रादि देवताहरुले नमस्कृत श्रीगणेशजीलाई म प्रातः कालमा स्मरण गर्दछु।

विष्णुस्तुतिः

प्रातः स्मरामि भवभीतिमहार्तिशान्त्यै,
नारायणं गरुडवाहनमब्जनाभम्।
ग्राहाभिभूतवरवारणमुक्तिहेतुं,
चक्रयुधं तरुणवारिजपत्रनेत्रम्।।

संसारको भयरुपी महान दु:खकष्ट नास गर्ने भएका ग्राह बाट गजराजलाई मुक्त गर्ने भएका शंखचक्रगदाधारी एवं नवीन कमलदलका समान नेत्र भएका पद्मनाभ गरुड़वाहन भगवान् श्रीरानायणप्रभुलाई म प्रात:कालमा स्मरण गर्दछु।

शिवस्तुतिः

प्रातः स्मरामि भवभीतिहरं सुरेशं,
गङ्गाधरं वृषभवाहनमम्बिकेशम्।
खट्वाङ्ग शूलवरदाभयहस्तमीशं,
संसाररोगहरमौषधमद्वि तीयम्।।

संसारका, भय नष्ट गर्ने भएका देवेश, गङ्गाधर वृषभवाहन, पार्वतीपति, हातमा खटवाङ्ग एवं त्रिशूल लिएका र संसाररुपी रोगको नाश गर्नका लागि अद्वितीय औषधि स्वरूपं, अभय एवं वरद मुद्रायुक्त हात भएका भगवान् शिवलाई म प्रातः कालमा स्मरण गर्दछु।

देवीस्तुतिः

प्रातः स्मरामि शरदिन्दुकराज्ज्वलाभां,
सद्रत्नवन्मकरकुण्डलहारभूषाम्।
दिव्यायुधोर्जितसुनीलसहस्रहस्तां,
रक्तोत्पलाभचरणां भवतीं परेशाम्।

शरत्कालीन चन्द्रमाका समान उज्ज्वल आँखा भएकी, उत्तम रत्नहरुले जडित मकरकुण्डहरु तथा हारहरूले शुभोभित, दिव्यायुधले दीप्त सुन्दर नीला हजारौं हात भएकी, लाल कमलको आभायुक्त चरण भएकी भगवती दुर्गादेवीलाई म प्रातः कालमा स्मरण गर्दछु।

नवैग्रहहरुका वैदिक मन्त्र हरूः—

१. सूर्य—ॐ आकृष्णेन रजसा वर्त्तमानो निवेशयन्नमृतं मर्त्त्यं च। हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन्।।

उषाकालको रश्मीरुपी स्वर्णिम रथमा आरुढ सविता देव, गहन तमिस्त्रायुक्त अन्तरिक्ष पथमा भ्रमण गर्नेभएका देव तथा मनुष्यहरुका यज्ञादिका श्रेष्ठ कर्ममा मार्गनिर्देशन गर्नुहोस् र समस्त लोकलाई प्रकाशित गरी तिनीहरुलाई निरीक्षण गरेर निस्कनुहोस्।

२. चन्द्रमा–ॐ इमं देवाऽअसपत्न ँ सुवध्वंमहते क्षत्राय महते ज्यैष्ठ्यायमहते जानराज्यायेन्द्रस्येन्द्रियाय। इमममुष्य पुत्रममुष्यै पुत्रमस्यै विशऽएष वोमी राजा सोमोऽस्माकं ब्राह्मणानां ँ राजा।

हे देवगण! महान् क्षात्रबलका सम्पादनको लागि महान् राज्यपदका लागि श्रेष्ठ जनराज्यका लागि इन्द्रदेवको समान हरेक प्रकारबाट विभूषितवान् बन्नका लागि शत्रुहरुरहित अमुक पिताका पुत्र, अमुक माताका पुत्र, प्रजापालनका लागि अभिषिक्त गर्नुहोस्। हे अमुक प्रजाजनहरु हो! तपाई सबैका लागि र हामी ज्ञानीहरुको लागि यस राजा चन्द्रको समान आल्हादक हुनुहुन्छ।

३. मंगल–ॐ अग्निर्मूर्द्धा दिवः ककुत्पतिः पृथिव्याऽ अयम्। अपा ँ रेता ँ सि जिन्वति।

हे अग्निदेव! द्युलोकको शीर्षरूप सर्वोच्च भागमा विद्यमान भएर जीवनको सञ्चार गरेर धरतीको पालन गरेर जलमा जीवनीशक्तिको सञ्चार गर्नुहोस्।

४. बुधः–ॐ उद्बुध्यस्वाग्ने प्रतिजागृहि त्वमिष्टापूर्त्तेस ँसृजेथामयं च। अस्मिन्त्सधस्थेअध्युत्तरस्मिन् विश्वेदेवा यजमानश्च सीतद।।

हे अग्निदेव! तपाई जाग्रत हुनुहोस् र प्रतिदिन यजमानलाई समेत जाग्रत गरिदिनुहोस्। यस यज्ञमा यजमानको साथमा बसिदिनुहोस्। तपाईका अनुग्रहले हामी यजमानहरुको उच्चअभिलाषा पूरा गराइदिनुहोस्। हे विश्वेदेवो! याजकगण, देवताहरुको सर्वश्रेष्ठ निवासस्थान देवलोकमा चिरकालसम्म निवास गराइदिनुहोस्।

५. गुरु–ॐ बृहस्पतेऽ अति दर्योऽ अर्हाद् द्युमद्विभाति क्रतुमज्जनेषु। यद्दीदयच्छवसऽ ऋतप्रजाततदस्मासु द्रविणं धेहि चित्रम्।

हे बृहस्पति! जुन आत्मशक्तिको लागि तपाई सबैको स्वामी, सबैको पूज्य तथा सबैजनको लागि आदित्यसमान तेजस्वी र सक्रिय भएर सर्वत्र सुशोभित हुनुहुन्छ। जुन शक्तिले सबैलाई रक्षा गर्नुहुन्छ। उही आत्मशक्तिले तपाईले हामी सबै मनुष्यको धनसम्पत्ति प्रदान गर्नुहोस् र रक्षागर्नु होस्।

६. शुक्र–ॐ अन्नात्परिस्रुतो रसं ब्रह्मणा व्यपिबत् क्षत्रं पयः सोमं प्रजापतिः। ऋतेन सत्यमिन्द्रियं विपान ँशुक्रमन्धसऽ इन्द्र स्येन्द्रियमिदं पयोऽ मृतं मधु।।

वेदका ज्ञाता ब्राह्मणसँग रहने प्रजापति, परिस्रुत भएर अन्नको रसमा सोम रसरूप दूधलाई अगल गरेर खाने, क्षात्रबलको धारण गर्ने हुनुहुन्छ। उक्त (ऋत) लाई सत्यबाट सत्यको प्रकट गर्ने भएका अन्न रसरूप सोम, बल, अन्न, तेज (वीर्य), सामर्थ्य, दुग्धादि पेय र मधुर पदार्थहरू हामीलाई उपलब्ध गराउनुहोस्।

७. शनि–ॐ शन्नो देवीरभष्टयऽ आपो भवन्तु पीतये। शं योरभि स्रवन्तु नः।।

दिव्यजल हामी सबैको लागि अभीष्ट फलदायक तथा तृप्तिदायक बनोस्। हाम्रा रोगहरु निर्मूल होउन् र हाम्रा अनिष्ट नाश हुन् र हाम्रा भोज्यपदार्थ अन्नादि हामीरुलाई प्राप्त भइरहोस्।


८. राहु–ॐ कयानश्चित्रऽआ भुवदूती सदा वृधः सखा। कया शचिष्ठया वृता।।

सर्वदा वृद्धि गराउने वाला, अद्भुत शक्ति सम्पन्न हे इन्द्रदेव! कुनै रक्षण तथा वर्त्तन क्रियाबाट प्रसन्न भएर तपाई सदैव हाम्रो मित्ररूपमा प्रस्तुत हुनुहोस्।

९. केतु–ॐ केतुं कृण्वन्नकेतवे पेशो मर्याऽअपेशसे। समुषद्भिरजायथाः।।

अज्ञानी पुरुषहरुलाई सद्ज्ञान र रुपहीनहरुलाई सुन्दर स्वरूप प्रदान गर्ने हुनुभएका हे अग्निदेव! तपाई उषाको साथ समानरूपमा उत्पन्न हुनुहोस्।







॥ इति ॥

महाकाल शनिमृत्युञ्जय स्तोत्रम्

नेपाली भाषा-टीका, पूजा-विधि सहितम्

प्रकाशक :

श्री दुर्गा साहित्य भण्डार

पो० बा० नं० १०९६, नेपाली खपड़ा, वाराणसी-१